प्रदेश सभा बैठकमा २०८० साल आषाढ १ गते शुक्रवार
आर्थिक मामिला मन्त्री
धन बहादुर मास्कीले
प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०/८१ को
# बजेट वक्तव्य

लुम्बिनी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल
२०८०

**माननीय सभामुख महोदय,**

१. यस गरिमामय प्रदेश सभाको बैठकमा लुम्बिनी प्रदेश सरकारको आर्थिक मामिला मन्त्रीको हैसियतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। यस अवसरमा म नेपालको समग्र परिवर्तनका लागि भएका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र संघर्षको क्रममा जनताको कल्याण र उन्नतिका लागि जीवन समर्पण गर्नुहुने सबै ज्ञात अज्ञात सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। लोकतन्त्र प्राप्ति तथा गणतन्त्र स्थापनाका क्रममा भएका घाइते, अपाङ्ग, सहिद परिवार, बेपत्ता नागरिक र तिनका परिवारको समेत स्मरण गर्दै परिवर्तनको लागि अग्रणी भुमिका निर्वाह गर्नुहुने व्यक्तित्व र आम जनसमुदायमा हार्दिक सम्मान व्यक्त गर्दछु।

२. प्रदेश सभाको **दोस्रो** कार्यकालका लागि निर्वाचित हुनु भएका प्रदेश सभा सदस्यज्यूहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछु र कार्य सफलताको शुभकामना व्यक्त गर्दछु।

३. संघीयता कार्यान्वयनका क्रममा प्रदेश सरकार स्थापना भएको छैठौं वर्षमा प्रवेश गरिरहँदा प्रदेशका अत्यावश्यक कानून निर्माण, संगठन संरचना र जनशक्ति व्यवस्थापनतर्फ प्रभावकारी रूपमा कार्यसम्पादन गर्दै **"समृद्ध लुम्बिनी: आत्मनिर्भर प्रदेश"** को दीर्घकालीन सोँच पुरा गर्न क्रियाशील रहेको छ।

४. तुलनात्मक लाभका क्षेत्रमा लगानीको वातावरण सिर्जना, सीपमा आधारित दक्ष जनशक्तिको विकासमार्फत युवा उद्यमशीलता प्रवर्धन गरी रोजगारी वृद्धि गर्दै गरिबी न्यूनीकरण, प्राकृतिक स्रोत साधनको दिगो उपयोगबाट हरित अर्थतन्त्रको विकास

एवं सामाजिक न्यायमा आधारित वितरण प्रणाली कायम गर्दै सुशासन प्रवर्धनद्वारा आर्थिक सामाजिक विकास गर्नेतर्फ आगामी बजेट लक्षित हुनेछ ।

**माननीय सभामुख महोदय,**

५. नेपालको संविधान, पन्ध्रौं आवधिक योजना, दिगो विकासका लक्ष्य एवं अन्तरराष्ट्रिय प्रतिवद्धता, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथामिकता, आर्थिक वर्ष २०८०/८१ को लुम्बिनी प्रदेश सरकारको नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना र दश बर्षे दीर्घकालीन रणनीतिक योजना तथा प्रदेश सभाका माननीय सदस्य र सरोकारवालाबाट प्राप्त सुझावलाई मनन् गर्दै आर्थिक वर्ष २०८०/८१ को बजेट तर्जुमा गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब म प्रदेशको विद्यमान आर्थिक स्थिति र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

६. चालु आर्थिक वर्ष २०७९/८० को प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू.७ खर्ब ६३ अर्ब रहने अनुमान छ। मुलकको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान १४.४२ प्रतिशत रहने अनुमान छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सवैभन्दा बढी कृषि क्षेत्रको योगदान ३०.४ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षमा प्रदेशको आर्थिक वृद्दिदर २.०६ प्रतिशत हुने अनुमान रहेको छ। लुम्बिनी प्रदेशको प्रतिव्यक्ति आय ११२६ अमेरिकी डलर पुगेको छ।

७. चालु आर्थिक वर्षको जेठ ३० गते सम्ममा प्रदेश सञ्चितकोषमा नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत रू.६ अर्ब ५८ करोड १५ लाख, सशर्त अनुदान वापत रू.६ अर्ब ३२ करोड ७ लाख, समपूरक अनुदान वापत रू.७३ करोड ९० लाख र विशेष अनुदान वापत रू.४८ करोड ३५ लाख प्राप्त भएको छ । संघीय सरकारबाट प्राप्त हुने राजस्व बाडँफाँटबाट रू.७ अर्ब २२ करोड ९४ लाख, रोयल्टी बाडँफाँट रू.२९ करोड ३४ लाख, स्थानीय तह राजस्व बाडँफाँट रू.९५ करोड १२ लाख र प्रदेश सरकारको आन्तरिक राजस्व सङ्कलनबाट रू.३ अर्ब ३७ करोड ७५ लाख जम्मा भएको छ । गत आर्थिक वर्षबाट बचत भई सञ्चितकोषमा मौज्दात रहेको रू.४ अर्ब ९७ करोड १७ लाख समेत गरी प्रदेश सञ्चित कोषमा कूल रू.३० अर्ब ९४ करोड ७९ लाख प्राप्त भएको छ ।

८. चालु आर्थिक वर्षको जेठ ३० गतेसम्म खर्चतर्फ स्थानीय तह वित्तीय हस्तान्तरण रू.३ अर्ब ४७ करोड १६ लाख, पुँजीगत खर्च रू.११ अर्ब ५५ करोड ७५ लाख र चालू खर्च रू.६ अर्ब १२ करोड ८३ लाख गरी जम्मा रू.२१ अर्ब १५ करोड ७४ लाख खर्च भई रू.९ अर्ब ७९ करोड ५ लाख प्रदेश सञ्चितकोषमा बाँकी रहेको छ। कुल विनियोजनको ४९.६ प्रतिशत खर्च भएको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

९. चालु आर्थिक वर्षको मन्त्रालयगत दोस्रो चौमासिकसम्मको प्रगति विवरण तथा मुख्य आर्थिक, सामाजिक एवं पूर्वाधारसँग सम्बन्धित परिसूचक र तथ्याङ्क समावेश भएको लुम्बिनी प्रदेशको आर्थिक सर्वेक्षण सम्मानित सभा समक्ष पेश गरिसकेको छु।

**माननीय सभामुख महोदय,**

१०. विश्वव्यापी आर्थिक परिदृश्य तथा राष्ट्रिय अर्थतन्त्रमा शिथिलता उत्पन्न भई प्रादेशिक अर्थतन्त्र समेत दबाबमा रहेको स्थिति छ। उच्च ब्याजदरका कारण लगानी घट्नुका साथै समष्टिगत मागमा कमी आएकोले आर्थिक गतिविधिमा सुस्तता देखिएको हो। पुँजीगत खर्च अपेक्षाकृत रूपमा बढ्न सकेको छैन। आयोजनाको पूर्व तयारी र प्राथमिकीकरण नगरी साधन स्रोत विनियोजन गर्ने प्रवृत्ति रहेको र कार्यान्वयन पक्ष कमजोर रहेको छ। तसर्थ स्रोत साधनको समुचित परिचालनमार्फत सार्वजनिक खर्चलाई उपलब्धिमूलक र नतिजामुखी बनाई समावेशी, उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने चुनौती हाम्रो सामु रहेको छ।

११. चालु आर्थिक वर्षको राजस्व सङ्कलन तथा प्राप्ति लक्ष्य भन्दा कम रहेको छ। राजस्व प्रणालीमा सुधार, चुहावट नियन्त्रण र करको दायरा विस्तार गरी राजस्व परिचालन वृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरेको छु। प्रदेशको अधिकार क्षेत्र पूर्ण उपयोग गर्दै संघीय अनुदान एवं राजस्व बाँडफाँटमा निर्भर प्रादेशिक राजस्व संरचनामा परिवर्तन गर्नु चुनौतीपूर्ण रहेको छ।

१२. नेपाल सरकारको आर्थिक वर्ष २०७९/०८० को वित्तीय नीतिबाट कराधार विस्तार एवं दरमा समसामयिक वृद्धि भएकाले आगामी आर्थिक वर्षमा राजस्व सङ्कलनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ। विप्रेषण आप्रवाहमा वृद्धि, मुद्रास्फिति नियन्त्रण उन्मूख, बैंकिङ्ग प्रणालीमा तरलता प्रवाहका कारण बैंक औषत आधार दर क्रमशः घट्दै कर्जाको ब्याजदर कम हुने क्रममा रहेको छ। निजी लगानीमा समेत सुधार

हुँदै गएकोले आगामी दिनमा प्रादेशिक अर्थतन्त्रमा समेत थप अवसर सिर्जना हुने आशा लिएको छु।

**माननीय सभामुख महोदय,**

१३. माथि उल्लिखित चुनौती र अवसरलाई मनन गर्दै सरकारी, निजी, सहकारी र विकास साझेदारको लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर बढाई आर्थिक तथा सामाजिक पूर्वाधार विस्तार गरी उच्च आर्थिक वृद्धिको आधार तयार गर्नेतर्फ जोड दिएको छु। **"समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश"** को सपना साकार पार्न आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि बजेटका उद्देश्य देहायबमोजिम रहेका छन्ः

क) अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने,

ख) कृषिको यान्त्रिकीकरण र व्यावसायीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्दै मूल्य श्रृङ्खलामा आधारित बजारीकरणमार्फत कृषि क्षेत्रको प्रवर्धन गर्ने,

ग) शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकता दिई आम नागरिकको सहज पहुँच वृद्धि गर्दै गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने,

घ) आधारभूत पूर्वाधारको विकास र विस्तार गरी पिछडिएका क्षेत्रको आर्थिक सामाजिक रूपान्तरण गर्ने,

ङ) विभिन्न जातजाती, भाषाभाषी, धर्म र संस्कृतिका साथै मौलिक र परम्परागत सीप, कला र प्राकृतिक स्थलको संरक्षण र विकास गर्ने,

च)	लगानी मैत्री वातावरण सिर्जना एवं निजी, सहकारी तथा विकास साझेदार समेतको परिचालनमार्फत रोजगारी सिर्जना तथा आय वृद्धिका माध्यमबाट नागरिकको आर्थिक अवस्था सुधार गर्दै गरिबी न्यूनीकरण गर्ने र

छ)	सार्वजनिक सेवा प्रवाहको सबलीकरण र सुशासन कायम गर्ने ।

१४. नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हक, मार्ग निर्देशक सिद्धान्त तथा राज्यका नीति र प्रदेश सरकारको दीर्घकालीन सोँचको कार्यान्वयन गर्न प्रस्तावित बजेटमा देहायका प्राथमिकता निर्धारण गरेको छुः

क)	कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि,

ख)	नवप्रवर्तन, आविष्कार र अनुसन्धानमूलक उच्च शिक्षा तथा गुणस्तरीय स्वास्थ्य सेवाको विकास र विस्तार,

ग)	युवा¸ महिला, दलित, आदिवासी जनजाती, थारू, लोपोन्मुख, मुस्लिम, पिछडा तथा विपन्न वर्ग लगायतको सीप विकास तथा रोजगारी सिर्जना,

घ)	आवधिक योजना तथा स्थानीय मागमा आधारित गुणस्तरीय, दिगो भौतिक पूर्वाधारको विकास,

ङ)	लघु, घरेलु, साना तथा मझौला उद्योगको प्रवर्धन तथा औद्योगिक वस्तुको उत्पादन वृद्धि,

च)	कला, संस्कृति र पूर्वाधार विकासको माध्यमबाट पर्यटन प्रवर्धन,

छ)	वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद व्यवस्थापनद्वारा हरित अर्थतन्त्रको विकास,

ज)	सुशासन, सार्वजनिक सेवा प्रवाह र मानव संसाधन विकास ।

माननीय सभामुख महोदय,

आगामी आर्थिक वर्षको बजेटले लिएका उद्देश्य हासिल गर्न देहायबमोजिम सुधार प्रस्ताव गरेको छुः

१५. आगामी वर्षदेखि चैत्र मसान्तभित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रदेश सभामा पेश गर्ने व्यवस्था मिलाइनेछ । यसबाट विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता उपर पर्याप्त छलफल भई माननीय सदस्यबाट प्राप्त सुझावका आधारमा यथार्थपरक बजेट तर्जुमा गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

१६. आगामी आर्थिक वर्षको बजेट कार्यान्वयन कार्ययोजना श्रावण मसान्तभित्र नै स्वीकृत गरी कार्यान्वयनमा ल्याइनेछ। उक्त कार्ययोजनाको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय र प्रदेश योजना आयोगबाट नियमित रूपमा अनुगमन गरिनेछ। स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालय वा निकायले भाद्र मसान्तसम्म कार्यविधि, निर्देशिका आदि तयार गरी लागू गर्ने व्यवस्था मिलाइनेछ।

१७. स्रोत व्यवस्थापनमा देखिएका समस्या सम्बोधन गरी बजेट अनुशासन कायम गर्न स्रोत सहमति माग गर्ने र स्वीकृत गर्ने विद्यमान प्रणालीमा सुधार गरी नयाँ मापदण्ड तर्जुमा गरिनेछ। सहमति माग गरेको आर्थिक वर्षमा आयोजनाको कूल लागतको पन्ध्र प्रतिशतमा कम नहुने गरी बजेट विनियोजन भएमा स्रोतको सहमति दिने व्यवस्था मिलाइनेछ।

१८. प्रदेश गौरवका आयोजना बाहेक अन्यका हकमा स्रोत सहमतिको अवधि बढीमा तीन वर्ष रहने र स्रोत सहमति प्रदान गरेको मितिले नौ महिनाभित्र ठेक्का सम्झौता नभएमा सहमति स्वतः रद्द हुने व्यवस्था गरिनेछ। यस अघि सहमति दिइएका मध्ये नौ

महिना पूरा भई हालसम्म बोलपत्र आव्हान नभएका तथा आगामी वर्षको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाको स्रोत सहमति खारेज गरेको छु।

१९. प्रदेश योजना आयोगको नेतृत्वमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय र सम्बन्धित मन्त्रालयको प्रतिनिधित्व रहेको अनुगमन संयन्त्र बनाई दश करोड रूपैया भन्दा बढी रकम विनियोजन भएका कार्यक्रम र आयोजना कार्यान्वयनको प्रभावकारी अनुगमन गरिनेछ। उक्त अनुगमन संयन्त्रले दिएको सुझावलाई प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईनेछ।

२०. स्थायी संरचनासँग दोहोरो कार्यक्षेत्र भएका एवं हाल औचित्य नभएका संस्था पुर्नसंरचना गर्न समान प्रकृतिका कार्यक्षेत्र रहेका निकायलाई गाभिनेछ र गाभिएका निकायको विवरण अनुसूचीमा समावेश गरिएको छ। साथै, प्रदेश सरकारबाट गठन भएका संस्थाको पुनरावलोकन गर्दै नयाँ संस्था स्थापना कार्यलाई निरूत्साहित गरिनेछ। स्वीकृत दरबन्दी भन्दा बढी सङ्ख्यामा सेवा करारमा लिन नपाइने व्यवस्था गरेको छु।

२१. स्रोतमा परेको चापलाई मध्यनजर गरी तालिम, गोष्ठी, सेमिनार जस्ता कार्यक्रमहरू सरकारी वा सार्वजनिक निकायमा रहेका सभाहल वा तालिम केन्द्रमा सञ्चालन गर्न प्राथमिकता दिइनेछ। नयाँ सवारी साधन र अत्यावश्यक बाहेक फर्निचर तथा फर्निसिङका सामान खरिद एवं नयाँ भवन निर्माण गरिने छैन। इन्धन, कार्यालयसम्बन्धी सामान लगायतका प्रशासनिक खर्च मापदण्डमा आधारित बनाईनेछ।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्षको बजेटका मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र व्यय अनुमानका विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**कृषि तथा भूमि व्यवस्था**

२२. खाद्य तथा पोषण सुरक्षा, कृषि उपजको आयात प्रतिस्थापन गर्न कृषिको आधुनिकीकरण र व्यावसायीकरणमार्फत उत्पादन र उत्पादकत्व वृद्धिका लागि बाली/बस्तु विशेष **"सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम"** सञ्चालन गरिनेछ। यस अन्तर्गत कृषि तर्फ नवलपरासी (ब.सु.प.) मा मकै र आलु, रूपन्देहीमा तोरी र तरकारी, कपिलवस्तुमा मसिनो धान र आँप, दाङमा तोरी र तरकारी, बाँकेमा आँप र मसुरो, बर्दियामा तोरी र मसुरो, पाल्पा, अर्घाखाँची, गुल्मी र प्यूठानमा सुन्तलाजात फलफूल र तरकारी, रोल्पा र रूकुम पूर्वमा स्याउ र वर्षे आलुको उत्पादन प्रवर्धन गर्न रू.६ करोड १८ लाख विनियोजन गरेको छु।

२३. नवलपरासी (ब.सु.प.)मा भैंसी र बङ्गुरपालन, रूपन्देही र गुल्मीमा भैंसी र बाख्रापालन, कपिलवस्तु र बाँकेमा भैंसी र माछापालन, दाङ र बर्दियामा भैंसी र बङ्गुरपालन, पाल्पा र रोल्पामा बंङ्गुर र बाख्रापालन, अर्घाखाँचीमा गाई र बाख्रापालन, प्यूठानमा बाख्रापालन र रूकुममा भेडा/बाख्रापालन व्यवसाय प्रवर्धन गर्न रू.५ करोड १० लाख विनियोजन गरेको छु। छाडा चौपायाको व्यवस्थापन गर्न सरोकारवालासँग सहकार्य गरी प्रदेशस्तरीय गौशाला सञ्चालनको व्यवस्था मिलाउन रू.७४ लाख छुट्टाएको छु।

२४. प्रदेशका सबै जिल्लामा साना सिंचाइ आयोजनामार्फत ३०० हेक्टर सिञ्चित क्षेत्र विस्तार गर्न रू.९ करोड ९५ लाख र सम्पन्न भएका ठूला सिंचाइ आयोजना

बाणगंगा, प्रगन्ना, बबई, सिक्टा सिंचाइको प्रभाव क्षेत्रमा उपयुक्त बाली चक्रमार्फत् २ हजार हेक्टर क्षेत्रफलमा बाली सघनता वृद्धि गर्ने कार्यक्रम प्राथमिकताका साथ सञ्चालन गर्न रू.२ करोड विनियोजन गरेको छु।

२५. सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम सञ्चालन गरिने स्थान तथा अन्य व्यावसायिक क्षेत्रमा प्राथमिकता दिई माटोको दिगो उर्वराशक्ति वृद्धि गर्न माटो व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिँदै हाल प्रदेशको माटोको औषत प्राङ्गारिक पदार्थ १.५ प्रतिशतबाट २ प्रतिशत पुऱ्याउनका लागि रू.१ करोड ८० लाख विनियोजन गरेको छु।

२६. प्रदेशमा खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न आवश्यक गुणस्तरीय खाद्यान्न, दलहन, तेलहन लगायत अन्य बालीको बीउ उत्पादन कार्यक्रमलाई निरन्तरता दिन रू.१ करोड ३२ लाख छुट्याएको छु।

२७. अचार, गुन्द्रुक, मस्यौरा, केचअप, भाँगो, टिमुरको छोप, खुवा, पेडा, छुर्पी, महुवा र कोदोको परिकार लगायतका प्रशोधित वस्तु उत्पादन गर्न साना प्रशोधन उद्योग स्थापनामार्फत रोजगारी सिर्जना गर्न रू.२ करोड ५५ लाख विनियोजन गरेको छु।

२८. रोल्पाको जिनावाङ्गका किसानले अवलम्बन गरेका बृहत तथा व्यावसायिक उत्पादन प्रणालीलाई सो सरहका मौसम भएका क्षेत्रमा अनुसरण तथा विस्तार गर्दै लगिनेछ। व्यावसायिक रूपमा सफल उत्पादन र बजार प्रणालीलाई पहिचान गरी **कृषकबाट कृषकसम्म** प्रविधि तथा कार्यक्रम विस्तार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२९. संघ र स्थानीय तहसँगको समन्वयमा **"घरदैलोमा प्राविधिक सेवाः उत्पादनमा टेवा"** भन्ने नाराका साथ कृषि प्रसार सेवाको पहुँचलाई गाउँस्तरसम्म विस्तार गरिनेछ। बालीनाली तथा पशुपन्छी उत्पादनमा देखा पर्ने प्राविधिक समस्याको समाधान गर्न व्यावसायिक कृषकको घरदैलोमै पुगी प्राविधिक सेवा दिने व्यवस्थाका लागि १०९ वटै स्थानीय तहमा यस अघि भर्ना गरिएका चौथो तहका ३२६ जना प्राविधिक जनशक्ति परिचालनको लागि रू.१२ करोड ९० लाख विनियोजन गरेको छु।

३०. कृषि र कृषकलाई संरक्षण एवं प्रोत्साहन गर्न प्रतिफलमा आधारित प्रोत्साहन अनुदानलाई निरन्तरता दिन रू.१० करोड ८५ लाख विनियोजन गरेको छु। कृषि पेशालाई मर्यादित र सम्मानित बनाउन कृषि तथा पशुपन्छी क्षेत्रमा उत्पादन वा प्रविधि हस्तान्तरणमा उदाहरणीय योगदान पुऱ्याउने कृषकलाई सम्मान प्रदान गरिनेछ।

३१. उन्नत बीउ तथा नश्लमा कृषकको पहुँच वृद्धि गर्न गुणस्तरीय बीउ, बिरूवा, नश्ल तथा मत्स्य भुरा उत्पादनका लागि सहकारी, समूह, निजी स्रोत केन्द्रलाई कृषकको माग बमोजिम उत्पादन गर्न प्रोत्साहन गरिनेछ। बीउ, बिरूवा तथा नश्लका प्राथमिक स्रोतका लागि कपिलवस्तुको कृष्णनगरमा बागवानी र अर्घाखाँचीको मालारानीमा बाख्राको सरकारी श्रोत केन्द्र सञ्चालनमा ल्याइनेछ। स्रोत केन्द्र प्रवर्धन गर्न र सरकारी स्रोत केन्द्र निर्माण तथा सञ्चालनका लागि रू.५ करोड ७० लाख विनियोजन गरेको छु।

३२. प्रदेशमा माछाको उत्पादन वृद्धि तथा स्थानीय माग पुरा गर्न ३५ हेक्टर क्षेत्रफलमा कृत्रिम जलाशय विस्तार र स्थानीय तहको समन्वयमा बर्दिया, दाङ, कपिलवस्तु,

नवलपरासी (ब.सु.प.) र रूपन्देही जिल्लामा १०० हेक्टर क्षेत्रफलमा प्राकृतिक जलाशयको संरक्षण तथा उपयोग गरी माछाको उत्पादन बढाउने कार्यक्रम सञ्चालनका लागि रू.३ करोड ६० लाख विनियोजन गरेको छु।

३३. पशुपन्छीमा लाग्ने खोरेत, भ्यागुते, चरचरे, स्वाइन फिवर, पि.पि.आर., लम्पिस्किन, रानीखेत लगायतका रोग नियन्त्रण गर्न ७५ लाख डोज खोप सेवा व्यवस्थापनका लागि रू.५ करोड ९६ लाख छुट्याएको छु। साथै, खोपको सर्वसुलभ पहुँचका लागि नवलपरासी (ब.सु.प.), पाल्पा र बाँके जिल्लामा भ्याक्सिन भण्डारणको व्यवस्था गरिनेछ।

३४. भेटेरिनरी अस्पताल तथा शिविर मार्फत एक हजार दुधालु पशुमा बाँझोपन निवारण, खोप सेवा तथा आधारभूत औषधी निःशुल्क रूपमा उपलब्ध गराइनेछ। साथै, नश्ल सुधारका लागि एक लाख पशुमा कृत्रिम गर्भाधानका सामग्री र प्राविधिक सेवाका लागि रू.२ करोड ९४ लाख रकम विनियोजन गरेको छु।

३५. कृषि जैविक विविधता, रैथाने बाली, स्थानीय पशुपन्छी एवं परम्परागत ज्ञान, सीप र प्रविधिको संरक्षण र सदुपयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। बर्दिया, बाँके र दाङको स्थानीय आलु, बर्दियाको घिउपुरी, दाङको तिलकी, बाँके र कपिलवस्तुको कालानमक, गुल्मीको हंसराज धान लगायतका स्थानीय बाली तथा पशुपन्छीको उत्पादन, प्रशोधन र बजारीकरणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

३६. मुक्त कमैया, बादी समुदाय, भूमिहीन, मुसहर, चिडीमार, पासी, मङ्गता, गडरिया, नटुवा लगायतका समुदायलाई लक्षित गरी एक हजार दुईसय परिवारलाई आयआर्जन तथा स्वरोजगारको अवसर सिर्जना गर्न बगर खेती, च्याउ खेती, कुखुरा/हाँसपालन,

बाख्रापालन, बङ्गुरपालन, तरकारी नर्सरी लगायतका व्यवसाय सञ्चालन गर्न सहयोग गरिनेछ। यसका लागि रू.२ करोड ४४ लाख विनियोजन गरेको छु। साथै, तीनै तहको समन्वयमा खाद्य सुरक्षाको जोखिममा रहेका घरपरिवारको पहिचान गरी जोखिम व्यस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ।

३७. **कृषि-वन प्रवर्धन कार्यक्रम**मार्फत वनक्षेत्रमा फलफूल, काजु, ओखर, बेसार खेती लगायतका बाली प्रवर्धन गरी आयआर्जनका कार्यक्रम सञ्चालन गरिनेछ। स्थान विशेषमा व्यावसायिक रूपमा उत्पादन भैरहेका मौरी, च्याउ, पुष्प खेतीजस्ता बालीवस्तुको व्यवसाय विस्तार तथा बजारीकरणमा सहयोग गरिनेछ।

३८. स्वच्छ र स्वस्थ कृषि, पशुपन्छी उपज उपभोगका लागि रासायनिक विषादी तथा जैविक पदार्थको व्यवस्थित प्रयोगबारे सचेतना फैलाउने कार्यक्रम सञ्चालन गरिनेछ। स्वच्छ मासु उत्पादन प्रवर्धन गर्न प्रदेशस्तरमा पशु वधशाला स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

३९. कृषकलाई चक्लावन्दी, करारखेती र व्यावसायिक कृषि कार्यमा प्रोत्साहन गर्दै लगानी बढाई आवश्यक सहजीकरण गर्न र स्मार्ट कृषि गाउँ कार्यक्रम जस्ता **व्यावसायिक कृषि प्रवर्धन कार्यक्रम**लाई निरन्तरता दिन रू.१० करोड विनियोजन गरेको छु। साथै, कृषि उपज बजारीकरणका लागि कृषि एम्बुलेन्स, प्रशोधन केन्द्र, अटोरिक्सा, डेरी दुध सङ्कलन, माछा/मासु विक्री कक्ष र मीट मार्ट स्थापनाका लागि रू.१ करोड ७० लाख विनियोजन गरेको छु।

४०. बीउबिजन, मल, माटो, विषादी, पशुपन्छी तथा माछा आदिको सेवा र गुणस्तर नियमनका लागि माटो तथा मल परीक्षण प्रयोगशाला, मत्स्य स्वास्थ्य प्रयोगशाला र पशुपन्छी रोग अन्वेषण प्रयोगशालालाई प्रभावकारी बनाइनेछ ।

४१. कृषि फार्ममै पुगी प्राविधिक सेवा प्रवाह गर्न कृषि तथा पशुपन्छी प्राविधिक एवं कृषकको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्न रू.३ करोड २० लाख विनियोजन गरेको छु। कृषि प्रसार, अनुसन्धान र शिक्षाको समन्वयलाई प्रभावकारी बनाइनेछ।

४२. सरकारी र सार्वजनिक जग्गाको व्यवस्थित अभिलेखीकरण तथा लगत कट्टा कार्यलाई विद्युतीय स्वरूपमा समेत व्यवस्थापन गर्न र जग्गा प्रशासनका सेवालाई सहज र व्यवस्थित बनाई सेवा प्रदायक कार्यालयको क्षमता सुदृढीकरण गर्न रू.४२ लाख विनियोजन गरेको छु।

४३. भूमिको बैज्ञानिक व्यवस्थापन गर्न भू-उपयोग योजना तयारी र भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने कार्यका लागि स्थानीय तहलाई प्राविधिक सहायता उपलब्ध गराउन र क्षमता अभिवृद्धि गर्न रू.२ करोड ७७ लाख विनियोजन गरेको छु।

स्वास्थ्य **सेवा सञ्चालन र विस्तार**

४४. नसर्ने रोगको बढ्दो प्रकोपलाई कम गर्न **"मेरो स्वास्थ्यः मेरो जीवन"** भन्ने अभियानका साथ स्वस्थकर जीवनशैली प्रवर्द्धन तथा भान्सा सुधार कार्यक्रम समेत सञ्चालन गर्दै ४० वर्ष माथिका नागरिकको निःशुल्क मधुमेह, रक्तचाप र मृगौलाको

परीक्षण, किशोर तथा किशोरीको रक्तअल्पता पहिचान तथा उपचार कार्यक्रमका लागि रू.२ करोड बजेट विनियोजन गरेको छु ।

४५. मानसिक स्वास्थ्यका समस्या पहिचान एवं रोकथामका लागि समुदायस्तरमा योग, ध्यान तथा मनोसामाजिक परामर्श लगायतका कार्यक्रम सञ्चालन र उपचारको लागि स्वास्थ्य संस्थाको क्षमता विकास गरिनेछ ।

४६. उच्च मातृ तथा नवजात शिशु मृत्युदरलाई कम गर्न **"पूर्ण सुरक्षित मातृत्व सेवायुक्त स्थानीय तह, जिल्ला तथा प्रदेश" को** अभियानसहित विशेष कार्यक्रम सञ्चालन गरिनेछ। जोखिमपूर्ण अवस्थाका गर्भवती महिलालाई अर्को सुबिधा सम्पन्न अस्पतालमा प्रेषण गर्न निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइने र दुर्गम क्षेत्रमा निःशुल्क हवाई उद्दार गरिने व्यवस्था गरेको छु।

४७. मृगौला प्रत्यारोपण, मुटुको भल्भ र क्यान्सर रोगको उपचारमा प्रति व्यक्ति रू.२ लाखको सहुलियत निरन्तरता दिनुका साथै विपन्न नागरिकलाई दम तथा ब्रोङ्काइटिसजन्य रोगको उपचार सहायतालाई निरन्तरता दिन रू.६ करोड विनियोजन गरेको छु।

४८. ८० वर्ष पुगेका जेष्ठ नागरिक तथा अतिअशक्त (क र ख) वर्गलाई स्थानीय तहसँगको सहकार्यमा घरमै स्वास्थ्य सेवा प्रवाह गर्न रू.२ करोड बजेट विनियोजन गरेको छु ।

४९. राप्ती प्रादेशिक अस्पताल तुल्सीपुरलाई जनशक्ति सहितको २०० शैय्यामा स्तरोन्नति गरी अत्याधुनिक सुविधायुक्त शल्यक्रियाका लागि चाहिने औजार उपकरण खरिद एवं व्यवस्थापनका लागि रू.६ करोड बजेट विनियोजन गरेको छु।

५०. प्रदेश गौरवको आयोजनाको रूपमा रहेको लुम्बिनी प्रादेशिक अस्पताललाई समयानुकूल र अत्याधुनिक प्रविधियुक्त बनाउन आवश्यक पर्ने उपकरण व्यवस्थापन गरी विशिष्टकृत सेवाको विस्तार गर्न रू.२१ करोड ९० लाख विनियोजन गरेको छु।

५१. रूकुम पूर्व, रोल्पा र पाल्पाको रामपुर अस्पतालमा विशेषज्ञ चिकित्सक नियमित रुपमा उपलब्ध गराउन स्वास्थ्यकर्मीलाई प्रोत्साहन गर्न बजेट विनियोजन गरेको छु । पाल्पाको रामपुर र रोल्पा अस्पतालका लागि एकीकृत अक्सिजन पाइपलाईन विस्तार तथा चिकित्सकीय औजार उपकरणका लागि रू.१ करोड बजेट विनियोजन गरेको छु।

५२. ५० शैय्यामा स्तरोन्नति भएको अर्घाखाँची अस्पताल, सन्धिखर्कको बहुवर्षीय भवन निर्माणका लागि रू.६ करोड विनियोजन गरेको छु। प्युठानको स्वास्थ्य कार्यालय भवन निर्माण शुरू गरिनेछ।

५३. कपिलबस्तुको शिवराज नगरपालिका वडा नं. ५ मा निर्माणाधीन लुम्बिनी प्रदेशस्तरीय सरूवा रोग अस्पतालको जग्गा प्राप्त गर्न रू.१ करोड विनियोजन गरेको छु।

५४. रणनीतिक स्थानमा रहने गरी प्रेषण प्रणालीमा आधारित एम्बुलेन्स सेवा प्रदान गर्न र हालका एम्बुलेन्समा जि.पि.एस.जडान गरी एकीकृत सेवा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु। रूकुम पूर्वको जिल्ला अस्पताललाई एक एम्बुलेन्स र बर्दिया, कपिलवस्तु र नवलपरासी स्वास्थ्य कार्यालयलाई खोप ढुवानीको साधन उपलब्ध गराउन बजेट छुट्याएको छु।

५५. लुम्बिनी र राप्ती प्रादेशिक अस्पतालबाट उपलब्ध आधारभूत सेवाको निःशुल्क टिकट र जनरल शैय्यालाई निरन्तरता दिन रू.१ करोड ५० लाख विनियोजन गरेको छु।

५६. स्वास्थ्य प्रणालीको आधार तहमा रही आमा र बालबालिकाको स्वास्थ्य सेवामा खटिनु भएका स्वास्थ्य स्वयंसेविकाको योगदानलाई कदर गर्दै ६० वर्षे उमेर हदम्यादका कारण अवकाश हुने भएमा प्रति व्यक्ति रू.५० हजार सहित सम्मान गरी बिदाई गर्न रू.२ करोड विनियोजन गरेको छु।

५७. प्रदेश राजधानीमा सुविधा सम्पन्न अस्पतालको पुर्ण संरचना नबन्दासम्म साविकको लालमटिया स्वास्थ्य चौकी (प्रस्तावित भालुवाङ्ग अस्पताल) कम्पाउण्ड भित्र अस्थायी संरचना थप गरी आकस्मिक स्वास्थ्य सेवा सहितको विशेषज्ञ सेवा सञ्चालन गर्न रू.१ करोड ५० लाख बजेटको व्यवस्था गरेको छु।

५८. जनस्वास्थ्य समस्याको रूपमा रहेको सिकलसेल, थालेसेमिया र हेमोफिलिया रोगको सचेतना र स्क्रिनिङ्ग ६ वटा स्वास्थ्य कार्यालयबाट गर्न र सोको निदान, उपचार तथा प्रेषणको व्यवस्था प्रदेश जनस्वास्थ्य प्रयोगशाला तथा पृथ्वीचन्द्र, भिम, कपिलवस्तु, भेरी, वर्दिया, लुम्बिनी प्रादेशिक, राप्ती प्रादेशिक अस्पताल तथा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट हुने व्यवस्था मिलाउन रू.२ करोड विनियोजन गरेको छु। सिकलसेल, थालेसेमिया र हेमोफिलियाका विरामी-परिवारको स्वास्थ्य बीमा गराई उपचारमा पहुँच वृद्धि गर्न आवश्यक बजेटको विनियोजन गरेको छु।

५९. मृगौला रोगीलाई उपचारको व्यवस्था मिलाउन कपिलबस्तु, गुल्मी, बर्दिया, नवलपरासी (ब.सु.प.) र राप्ती प्रादेशिक अस्पतालमा डाईलाइसिस सेवा विस्तार गरी ईरोथ्रोपोइटिन

औषधिमा सहुलियत उपलब्ध गराउन रू.६ करोड २० लाख बजेट विनियोजन गरेको छु।

६०. आखाँको नानीको समस्याका कारण दृष्टिको ज्योति गुमाएकालाई प्रदेशका आखाँ अस्पतालबाट नानी प्रत्यारोपण सेवा निःशुल्क प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

६१. नवजात शिशुको रूग्णता र मृत्युदर घटाउन बर्दिया, कपिलबस्तु, प्युठान, भीम, राप्ती प्रादेशिक अस्पताल, लुम्बिनी प्रादेशिक अस्पतालमा नवजात शिशु सघन उपचार इकाईको सुदृढीकरण गर्न रू.६० लाख बजेट विनियोजन गरेको छु।

६२. अत्यावश्यक आयुर्वेद औषधी निःशुल्क वितरणको लागि प्रादेशिक आयुर्वेद चिकित्सालय, बिजौरीमा मापदण्डयुक्त (जि.एम.पि. स्टाण्डर्ड) प्रादेशिक आयुर्वेद औषधी उत्पादन केन्द्र सञ्चालनमा ल्याउन रू.७५ लाख विनियोजन गरेको छु।

६३. आयुर्वेद तथा वैकल्पिक चिकित्सा विस्तार गरी नागरिकको पहुँच वृद्धि गर्न प्रादेशिक आयुर्वेद चिकित्सालय, बिजौरीलाई विशेषज्ञ सेवा सहितको ५० शैय्यामा र लुम्बिनी आयुर्वेद चिकित्सालय, बुटवललाई विशेषज्ञ चिकित्सा सेवायुक्त १५ शैय्या चिकित्सालयको रूपमा स्तरोन्नतिका साथै प्रदेशका आयुर्वेद स्वास्थ्य केन्द्रमा पञ्चकर्म सेवा विस्तार गर्न रू.१ करोड ८० लाख विनियोजन गरेको छु।

६४. स्थानीय तहमा सञ्चालित सरकारी स्वास्थ्य चौकी, बर्थिङ्ग सेन्टर, आयुर्वेद औषधालय र सामुदायिक स्वास्थ्य संस्थाको पूर्वाधार विकास एवं आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्न अत्यावश्यक औजार उपकरण खरिद गर्न रू.१३ करोड विनियोजन गरेको छु।

६५. प्रदेशका सबै सरकारी अस्पताल तथा सामुदायिक स्वास्थ्य संस्थामार्फत निःशुल्क रक्तसञ्चार सेवा उपलब्ध गराउन शोधभर्नाका लागि रू.१ करोड ७५ लाख विनियोजन गरेको छु।

**शिक्षा तथा खेलकुद**

६६. प्रदेश गौरव आयोजनाका रूपमा लुम्बिनी प्राविधिक विश्वविद्यालयबाट सूचना प्राविधि तथा सिभिल ईञ्जिनियरिङ विषयको कक्षा सञ्चालन गर्न रू.१० करोड विनियोजन गरिएको छ।

६७. उच्च शिक्षामा गुणस्तर अभिवृद्धि गर्न सामुदायिक क्याम्पसको भौतिक पूर्वाधार विकास सहित विभिन्न विषय क्षेत्रमा अनुसन्धानमूलक शिक्षण सिकाइ कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु।

६८. लक्षित वर्गका विद्यार्थीलाई उच्च शिक्षामा दिँदै आएको छात्रवृत्ति र विज्ञान शिक्षाको छात्रावृत्ति कार्यक्रमलाई निरन्तरता दिन रू.६ करोड २० लाख विनियोजन गरिएको छ।

६९. अधिक विद्यार्थी सङ्ख्या भएका विद्यालयको सुधार र शिक्षा क्षेत्रको पहुँच, गुणस्तर र क्षमता वृद्धिका लागि **उत्कृष्ट शिक्षालयलाई सम्मानःकमजोरलाई प्रोत्साहन** भन्ने अभियान सहित **प्रदेश प्रमुख शैक्षिक विकास कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७०. शिक्षा क्षेत्रमा उल्लेख्य योगदान दिएका विद्यालय व्यवस्थापन समितिका पदाधिकारी/शिक्षक/कर्मचारीलाई प्रोत्साहन तथा सम्मानको लागि बजेटको ब्यबस्था

गरेको छ। असल अभ्यास भएका विद्यालयसँग कमजोर क्षमताका विद्यालयबीच अन्तरक्रियाका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७१. बालमैत्री विद्यालय विकास गर्न पूर्वाधार सुधार तथा सूचना प्रविधिमूलक शिक्षण सिकाईका क्रियाकलापका लागि डिजिटल प्रविधिमा आधारित सामग्री खरिद गर्न विद्यालयलाई अनुदान दिने कार्यक्रमको लागि रू.३० करोड बजेट प्रस्ताव गरेको छु। स्थानीय तह र प्रदेश तहका शिक्षा सेवाका कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७२. विद्यालय बाहिर रहेका र औपचारिक शिक्षाबाट बञ्चित बालबालिकाको सिकाइ र सीप विकासका लागि अनौपचारिक शिक्षातर्फको तह १-२ को पाठ्यक्रम विकास, सिकाइ सामग्री व्यवस्था सहित राष्ट्रिय योग्यता प्रारूपको प्रवोधीकरणका कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

७३. मदरसा, गुम्वा तथा गुरूकुलको पूर्वाधार विकास तथा विशेष शिक्षा एवं अटिजम विद्यालय र विद्यार्थीलाई सहयोगका लागि आवश्यक बजेट विनियोजन गरेको छु। स्थानीय तहसँगको समन्वयमा आगामी आर्थिक वर्षमा समायोजन हुने विद्यालयलाई प्रोत्साहन गर्न रू.१ करोड ५० लाख बजेट व्यवस्था गरेको छु।

७४. रासी प्राविधिक शिक्षालयलाई रू.६ करोड, श्री मावि मौरीघाटको लागि रू.३ करोड र १ हजार भन्दा बढी विद्यार्थी भएका ठुला विद्यालयहरूमा विज्ञान शिक्षा विकासका लागि रू.६ करोड बिशेष अनुदान व्यवस्था गरेको छु। रासी प्राविधिक शिक्षालय स्थानान्तरण भएको सरस्वती माध्यमिक विद्यालय, गढवालाई भवन निर्माणका लागि बजेट विनियोजन गरेको छु ।

७५. प्रदेशमा खेलकुद क्षेत्रको रणनीतिक योजना बनाई खेल अर्थतन्त्रको प्रवर्धन गर्न राष्ट्रिय प्राथमिकता प्राप्त रङ्गशाला लगायत अन्य रङ्गशाला, कभर्डहल तथा खेल मैदान निर्माण तथा स्तरोन्नतिका लागि र पुराना, मौलिक तथा लोपोन्मुख खेलको स्थानीय तह तथा सरोकारवालाको सहयोगमा अध्ययन गरी संरक्षण गर्ने कामका लागि समेत रू.८ करोड बजेटको व्यवस्था गरेको छु।

७६. शिक्षालयमा नवप्रवर्तन प्रवर्धन कार्यक्रमका लागि रू.१ करोड बजेट प्रस्ताव गरिएको छ। राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागी हुने युवा वैज्ञानिकलाई प्रोत्साहन गर्न समेत बजेट व्यवस्था गरेको छु।

**महिला, बालवालिका तथा जेष्ठ नागरिक**

७७. विकास सूचकाङ्कका आधारमा प्रदेशलाई बालमैत्री, लैङ्गिक मैत्री, ज्येष्ठ नागरिक मैत्री र अपाङ्गतामैत्री बनाउन, अभिभावकविहीन बालबालिकाको तत्काल उद्धार तथा संरक्षण गर्न बाल कोषको व्यवस्था, बाल हेल्पलाईन सञ्चालन लगायतका कार्यको लागि रू.४ करोड विनियोजन गरेको छु।

७८. जनयुद्ध र जनआन्दोलनमा घाइते भई गम्भीर रूपमा अशक्त भएका योद्धाको लागि सम्मान र स्नेह सहितको स्याहार केन्द्र स्थापनाको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य शुरु गर्न रू.२ करोड छुट्याएको छु ।

७९. संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा कपिलवस्तु जिल्लामा प्रदेशस्तरीय बाल संरक्षण गृह निर्माणका लागि रू.१ करोड विनियोजन गरेको छु।

८०. ज्येष्ठ नागरिकहरूको सम्मान, संरक्षण, राहत तथा पुनर्स्थापनाका लागि प्रदेश स्तरीय ज्येष्ठ नागरिक ग्राम निर्माण, वृद्धाश्रम तथा ज्येष्ठ नागरिक मिलन केन्द्रलाई सहयोग

तथा सहयोगापेक्षी सडक मानवमुक्त लुम्बिनी प्रदेश निर्माण कार्य समेतका लागि आवश्यक रकम विनियोजन गरेको छु।

८१. महिला, एकल महिला, दलित तथा अति विपन्न समुदाय, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरूको सामाजिक तथा आर्थिक सशक्तिकरणको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

८२. अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण र उद्यमशिलता प्रवर्धन गरी जीविकोपार्जनमा सहयोग गर्दै आत्मनिर्भर बनाउन १२ वटै जिल्लामा समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिएको छु। अपाङ्गता भएका व्यक्तिको संरक्षणका लागि अपाङ्गता नागरिक ग्रामको व्यवस्था र पुनर्स्थापना केन्द्र सञ्चालनमा सहयोग तथा निःशुल्क सहायता सामग्री वितरण लगायतका लक्षित कार्यक्रमका लागि बजेटको व्यवस्था मिलाएको छु।

८३. लैङ्गिक तथा घरेलु हिंसा प्रभावित र पीडित महिलाको संरक्षणका लागि १२ वटै जिल्लामा साझेदारीमा सञ्चालित सेवा केन्द्र (सेफ हाउस) र बाँके तथा रूपन्देही जिल्लामा मानव बेचबिखन तथा ओसारपसारबाट प्रभावित तथा पीडित महिलाको उद्धार र संरक्षणका लागि सञ्चालित पुनर्स्थापना केन्द्रको कार्यक्रम र सेवा तथा पुनर्स्थापना कोषलाई निरन्तरता दिएको छु। लैङ्गिक हिंसा प्रभावित तथा पीडित महिला संरक्षणका लागि दाङको घोराहीमा प्रदेशस्तरीय पुनर्स्थापना केन्द्र निर्माणका लागि संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा जग्गा प्राप्त गरी निर्माण कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

८४. प्रदेशका सरकारी निकायमा लैङ्गिकमैत्री कार्यकक्ष, शिशुस्याहार केन्द्र निर्माणको कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु।

८५. प्रदेश सरकारका कार्यालयमा आवश्यकतानुसार स्तनपान कक्षको व्यवस्थापन गर्न रू.१ करोड विनियोजन गरेको छु।

८६. महिला उद्यमशिलता विकासका लागि रू.४ करोड विनियोजन गरेको छु ।

**उद्योग, वाणिज्य र आपूर्ति**

८७. जिल्लागत उत्पादन विशिष्टताका आधारमा अल्लो, कम्बल, छालाजन्य वस्तु, खुकुरी, कफी, ढाका, करूवा, बेतबाँस, केरा तथा पटेरबाट सामग्री उत्पादन गर्न सीप विकास तालिम तथा प्रविधि हस्तान्तरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

८८. परम्परागत सीप, प्रविधि र मौलिक उत्पादनमा आधारित उद्योगको विकास र आधुनिकीकरणका लागि बजेट व्यवस्था गरेको छु।

८९. स्थानीय कच्चा पदार्थबाट निर्माण हुने हस्तकलाका गुणस्तरीय सामग्रीको उत्पादनका लागि सम्बन्धित भूगोलका युवालाई तालिम प्रदान गरी उद्योग स्थापनामा प्रोत्साहनको लागि समेत रू.६ करोड ८६ लाख व्यवस्था गरेको छु।

९०. **"सीप सिकौं, दक्ष बनौं : उद्योग खोलौं, स्वरोजगार बनौं"** भन्ने मूल मन्त्रलाई सार्थक बनाउन बेरोजगार युवालाई उद्यमशीलता विकास कार्यक्रम तथा लक्षित वर्गका प्रारम्भिक तालिम लिएका व्यक्तिका लागि सीप परीक्षण सहितको स्तरोन्नति तालिमको व्यवस्था मिलाई प्राविधिक सामग्री उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु।

९१. पुँजीको अभाव हुन नदिन लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास कोषबाट व्याज अनुदान दिने व्यवस्था र विपद्जन्य घटनाबाट क्षति पुगेका उद्योगलाई राहत प्रदान गर्नको लागि उद्यम प्रवर्धन कोषबाट रकम उपलव्ध गराउने व्यवस्था मिलाएको छु।

९२. आदिवासी जनजाती समुदायबाट परम्परागत सीपका आधारमा उत्पादित महुवा, अनदी, कोदो, मकै, जामुन, टिमुर, कुरिलो आदिको पेय पदार्थ र मदिरा उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गरी ब्राण्डिङ्ग गर्न कानूनी व्यवस्थाका लागि आवश्यक बजेट व्यवस्था गर्दै विभिन्न स्तरका औद्योगिक प्रवर्धन कार्यक्रमतर्फ कुल रू.१२ करोड ८९ लाख विनियोजन गरेको छु। यस क्षेत्रमा करिब ७५ हजार जनालाई रोजगारी वा स्वरोजगारीमा आवद्ध गर्न सक्ने प्रक्षेपण गरिएको छ।

९३. सुरुवाती व्यवसाय (स्टार्ट-अप) लगायतका सिर्जनशील व्यवसायीलाई लगानीमैत्री वातावरण बनाई विविध चरणका शुरूवाती पुँजी र स्वदेशी एवं विदेशी भेञ्चर पूजीँ लगानीकर्तालाई आकर्षित गर्न आवश्यक व्यवस्था गरिनेछ । उद्यमी बन्न चाहने युवा लक्षित उद्यमशील कार्यक्रम र बिजनेश इन्कुभेशन केन्द्रका लागि रू.६८ लाख विनियोजन गरेको छु ।

९४. प्रदेशभित्रको आपूर्ति व्यवस्थालाई सहज बनाउन नियमित बजार अनुगमन गर्ने व्यवस्था मिलाएको छु। जसको कारणबाट अखाद्य पदार्थको बिक्री वितरण एवं कृत्रिम अभावको नियन्त्रण भई आपूर्ति व्यवस्थामा सहज हुने विश्वास लिएको छु। प्रदेशको दुर्गम जिल्ला रूकुम (पूर्व) मा सुपथमूल्य पसल सञ्चालनको लागि दिइँदै

आएको अनुदानलाई आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिएको छु। वाणिज्य तथा आपूर्ति प्रवर्धन कार्यक्रम तर्फ रू २ करोड ५८ लाख विनियोजन गरेको छु।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

९५. प्रदेशमा विद्यमान करिब ७ लाख हेक्टर वन क्षेत्र मध्ये व्यवस्थापन योग्य वन क्षेत्रलाई वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापनको माध्यमबाट ८० हजार हेक्टर वन क्षेत्रको कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। यसबाट करिब ३२ लाख क्यू.फिट काठ तथा ९ हजार ६ सय चट्टा दाउरा उत्पादन गर्नुका साथै ८ लाख श्रमदिन रोजगारी सिर्जना गरी प्रदेश सरकारको राजस्व वृद्धि गर्न वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमका लागि रू.५ करोड ५० लाख विनियोजन गरेको छु ।

९६. वन, वन्यजन्तु तथा जैविक विविधता संरक्षणको कार्यलाई थप प्रभावकारी बनाइने छ। यसका लागि वन उपभोक्ता समूह, सुरक्षा निकाय, स्थानीय तह र निजी क्षेत्रको समन्वयमा वन डढेलो नियन्त्रण, चोरी सिकारी तथा अतिक्रमण नियन्त्रणको कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

९७. प्राकृतिक विपद रोकथाम, विकास पूर्वाधारको संरक्षण, दिगो भू-व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन लगायत कार्यक्रममार्फत् जलाधार व्यवस्थापनका साथै चुरे क्षेत्र र प्रदेश राजधानी क्षेत्रको भू-परिधिको व्यवस्थापन गरिनेछ। जलवायु परिवर्तन अनुकूलन कार्यक्रम अन्तर्गत **“एक वडा, एक पोखरी "** कार्यक्रमलाई क्रमशः सबै वडामा विस्तार गर्ने गरी निरन्तरता दिएको छु। सामुदायिक र राष्ट्रिय वन भित्र

जलासय निर्माण र एकीकृत जलाधार व्यवस्थापनका लागि रू.१३ करोड ५१ लाख विनियोजन गरेको छु ।

९८. बबई, राप्ती तथा तिनाउ जलाधार व्यवस्थापन योजनाको कार्यान्वयन सुरू गरिनेछ। लमही देखी भालुबाङसम्मको २५ कि.मि. चुरेक्षेत्र व्यवस्थापन तथा कोइलाबास जलाधार क्षेत्र संरक्षण बिशेष कार्यक्रम कार्यान्वयनका लागि रू.२ करोड ५० लाख विनियोजन गरेको छु।

९९. वन क्षेत्रबाट बग्ने नदी एवं खोला-खोल्सीबाट वन क्षयीकरण तथा बस्ती जोखिमलाई न्यूनीकरण गर्न २० वटा खोला-खोल्सीको व्यवस्थापनका लागि बजेटको व्यवस्था गरेको छु । खोला-खोल्सी व्यवस्थापनबाट ७५ लाख क्यूविक फिट वन पैदावर र नदीजन्य पदार्थ सङ्कलन भई प्रदेश सरकारको राजस्व वृद्धि हुने अपेक्षा लिएको छु।

१००. जिल्लागत विशिष्टता अनुरूप तेजपात, चिउरी, टिमुर, पाखनवेद, सतुवा, सेतकचिनी, खयर, टिमुर, मेन्था, पामाराइजा, सिट्रोनेला, लेमनग्रास, अल्लो, श्रीखण्ड लगायत प्रजातिगत जडीवुटी खेतीको पकेट क्षेत्र विस्तार गरिनेछ। विद्युत प्रसारण लाइनमुनिको खाली वन क्षेत्रमा गैह्रकाष्ठ वन पैदावारको खेती प्रवर्धन मार्फत् विपन्न समूहको आयआर्जन वृद्धि गर्न समेत रू.२ करोड ५८ लाख विनियोजन गरेको छु।

१०१. गुणस्तरयुक्त बिरूवा उत्पादन र वृक्षारोपण गर्न ४२ स्थानको नर्सरी स्तरोन्नति र १० वटा स्थानीय तहको लागत साझेदारीमा पालिका वन नर्सरी सञ्चालन गरिनेछ । नदी उकास तथा खोला किनार एवं खाली ठाउँमा अभियानका रूपमा विशेष गुणयुक्त

बिरूवा रोपणका लागि प्रजाति विशेष बिरूवा उत्पादनमा केन्द्रित हुने गरी बजेटको व्यवस्था गरेको छु ।

१०२. **"कृषि, वन तथा वृहत्तर हरियाली प्रवर्धन"** कार्यक्रम प्रभावकारी बनाउन निजी तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण गर्न आवश्यक ४ लाख बहुवर्षीय र १० लाख एक वर्षे बिरूवा उत्पादन गरी ३२५ हेक्टर खाली वन क्षेत्रमा वृक्षारोपण गरिनेछ। तराईका वन क्षेत्रका ठूला रूख सिङ्गै स्थानान्तरण गरी खाली क्षेत्रमा रुख रोपण गर्न तथा सडक किनारा वृक्षारोपण कार्यलाई प्रभावकारी बनाउन नेपालमा पहिलो पटक सिङ्गै रूख स्थानान्तरण गरी रोप्ने मेशिन खरिद गरी व्यवस्थापन गरिनेछ। कृषि वन तथा वृहत्तर हरियाली प्रवर्धन कार्यक्रममा रू.११ करोड विनियोजन गरेको छु।

१०३. सबै जिल्लामा मानव र वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन, राहत तथा उद्धार गर्न **"पीडितसँग प्रदेश सरकार"** कार्यक्रमबाट मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन गरिनेछ। वन्यजन्तुबाट हुने क्षतिको बीमा नमूनाको रुपमा बर्दियाको मधुवन १ र ३ बाट सुरूवात गर्न समेत रू.१ करोड ५० लाख व्यवस्था गरेको छु।

१०४. **"सामुदायिक तथा कबुलियती वन विकास"** कार्यक्रमका माध्यमबाट स्थानीय स्तरमा पछाडि परेका उपभोक्तालाई आय आर्जनमा आवद्ध गरी सम्पन्नता स्तरीकरणको श्रेणी वृद्धि गर्न क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। पहाडी तथा उच्च हिमाली क्षेत्रका वनमा रहेका ढलेपडेका तथा सुकेका रूखको व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु। सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम समेतका लागि रू.२ करोड ७८ लाख विनियोजन गरेको छु।

१०५. जैविक विविधताको दृष्टिले अन्तरराष्ट्रिय महत्वको जगदीशपुर बर्ड सेञ्चुरी व्यवस्थापन कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ। जैविक विविधता क्षयीकरणको चुनौतीका दृष्टिले दोस्रो स्थानमा रहेको मिचाहा प्रजातीको व्यवस्थापन गर्न मिचाहा प्रजाती नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम सुरूवात गरिनेछ। लोपोन्मुख गिद्ध प्रजाती तथा रैथाने बहुउपयोगी महुवा प्रजातीको संरक्षण र व्यवस्थापनका साथै बिजयसाल, सतिसाल जस्ता संकटापन्न तथा लोपोन्मुख वनस्पतिको बासस्थान संरक्षण गरिनेछ। जैविक विविधता संरक्षण कार्यक्रमका लागि रू.३ करोड २८ लाख विनियोजन गरेको छु।

१०६. जैविक विविधताको दृष्टिले महत्त्वपूर्ण एवं लोपोन्मुख वनस्पतिको संरक्षणका लागि निर्माणाधीन दुई वटा वनस्पति उद्यान र दुई वटा जडीबुटी पार्कका लागि रू.१ करोड विनियोजन गरेको छु।

१०७. गुल्मीको मदाने, रेसुङ्गा र थाप्ले, प्युठानको गौमुखी, रोल्पाको जलजला र बर्दियाको खाता क्षेत्रमा संरक्षित वन व्यवस्थापन र वन क्षेत्रभित्र रहेका ऐतिहासिक एवं मनोरम प्राकृतिक भू-भागमा पर्या-पर्यटन कार्यक्रमका लागि रू.१ करोड २० लाख विनियोजन गरेको छु ।

१०८. प्रदेशलाई स्वच्छ र सफा बनाउन मुख्य नगरमा प्लास्टिकजन्य पदार्थ नियन्त्रण तथा पुनः प्रयोग र वातावरण संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । वातावरण तथा जलवायु अनुकूलन कार्यक्रमका लागि रू.८४ लाख विनियोजन गरेको छु।

१०९. वन पैदावारमा आधारित उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि रणनीतिक योजना तयार गरिनेछ । वन पैदावारको सहज आपूर्ति र रूग्ण वन उद्यम पुनः सञ्चालन गर्न उद्यमीलाई संघसँगको समन्वयमा सहुलियतपूर्ण कर्जा प्रवाह गरिनेछ ।

**खानेपानी, सरसफाई तथा सहरी विकास**

११०. प्रदेशका सम्पुर्ण नागरिकमा स्वच्छ खानेपानीको पहुँच पुर्‍याउने सरकारको **"एक घर : एक धारा"** को संकल्प पुरा गर्न **सघन खानेपानी कार्यक्रम**लाई निरन्तरता दिन रू.१ अर्ब ३२ करोड विनियोजन गरेको छु। यस कार्यक्रमबाट ६० वटा खानेपानी आयोजना सम्पन्न भई १ लाख १८ हजार ९ सय जना स्वच्छ एवं सुलभ सेवाबाट लाभान्वित हुनेछन ।

१११. प्रदेश सरकारको पहिलो पानी परीक्षण प्रयोशाला, कपिलवस्तुबाट खानेपानीको गुणस्तर परीक्षण कार्य शुरु गर्न जनशक्ति, उपकरण तथा सामाग्री व्यवस्था गर्न बजेट छुट्याएको छु।

११२. सेवाग्राहीको चाप भएका सार्वजनिक स्थलमा सुरक्षित एवं व्यवस्थित खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न वाटर एटिएम र सुविधा सम्पन्न शौचालयको निर्माण कार्यलाई निरन्तरता दिन रू.२ करोड ५६ लाख विनियोजन गरेको छु।

११३. प्रदेश गौरवको आयोजनाको रूपमा रहेको प्रदेश राजधानीमा प्रशासनिक भवन निर्माण कार्य सम्झौता अविधिभित्रै सम्पन्न गर्न र जग्गा एकीकरण (ल्याण्ड पुलिङ्) कार्यको लागि समेत रू.१ अर्ब १० करोड विनियोजन गरेको छु।

११४. पाल्पाको रामपुर, कपिलवस्तुको महाराजगञ्ज र दाङको कोइलाबास तथा तुल्सीपुरको शहरी पूर्वाधार विकास कार्यलाई निरन्तरता दिन रू.२८ करोड विनियोजन गरेको छु।

साथै, रूरू पर्यटकीय क्षेत्रमा कालीगण्डकी नदी तथा रिडीखोला नियन्त्रण आयोजना सम्पन्न गर्न रू.१६ करोड विनियोजन गरेको छु।

११५. शहर उन्मुख क्षेत्र तथा स्थापित शहरको विकासका लागि छनोट गरिएका स्थानमा आवास तथा बस्ती विकास कार्यक्रमलाई निरन्तरता दिन रू.६३ करोड ३० लाख विनियोजन गरेको छु।

११६. प्रदेशको पहाडी क्षेत्रबाट तराई क्षेत्रमा बढ्दो बसाइसराई दर न्यूनीकरण गर्न पहाडी क्षेत्रमा छरिएर रहेको बस्ती एकिकृत रूपमा व्यवस्थित गरी स्व-स्थानमा नै बसोबासका लागि प्रोत्साहन गर्न **"एक जिल्ला एक नमूना बस्ती"** कार्यक्रमको लागि रू.४ करोड ८० लाख विनियोजन गरेको छु।

११७. प्रयोगविहिन सार्वजनिक विद्यालय वा अन्य भवनलाई स्थानीय तहसँगको समन्वयमा मर्मत सम्भार गरी अल्पकालीन आश्रयस्थलको रूपमा उपयोगमा ल्याउन रू.३ करोड ५० लाख विनियोजन गरेको छु ।

११८. सुशिल कोइराला स्मृति लोकतान्त्रिक अध्ययन प्रतिष्ठान स्थापना गर्न अध्ययन सहित पूर्वाधार निर्माण कार्य शुरू गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

**उर्जा, जलस्रोत र सिंचाइ**

११९. **"उज्यालो प्रदेश : लुम्बिनी प्रदेश"** अभियान अनूरुप बिद्युत सेवाको स्तरोन्नती गर्ने र विद्युत नपुगेका दुर्गम क्षेत्रमा बैकल्पिक उर्जाको माध्यमबाट विद्युत सेवाको विस्तार गरिनेछ । लघु तथा साना जलविद्युत, सौर्य तथा हरित उर्जा जस्ता बातावरणमैत्री बैकल्पिक उर्जा आयोजनाको प्रवर्धन र विकास गरिनेछ । व्यवसायिक र घरायसी प्रयोगमा विद्युतीय उर्जा खपत बढाउन प्रर्वधनात्मक कार्य गरिनेछ र विद्युतीय सवारी

साधनको चार्जिङ्ग स्टेशन निर्माण गर्न निजी क्षेत्र समेत लाई प्रोत्साहन गरिनेछ । १ मे.वा. सम्मको नमुना सौर्य मिनी-ग्रिड आयोजनाको अध्ययन गरी निर्माणको व्यवस्था मिलाइनेछ । उर्जा विकास कार्यक्रम तर्फ रू.१५ करोड विनियोजन गरेको छु ।

१२०. **"कृषिको आधारः सिंचाइमा सुधार"** अभियानलाई निरन्तरता दिदै भौगोलिक आधारमा पकेट क्षेत्र पहिचान गरी सतह, भूमिगत तथा लिफ्ट सिंचाइ र नयाँ प्रविधिमा आधारित २६६ वटा नयाँ सिंचाइ आयोजना कार्यान्वयन गर्न रू.६६ करोड विनियोजन गरेको छु । साथै निर्माणाधीन मझौला तथा साना सिंचाइ तर्फका ७६ वटा आयोजनाहरु र भूमिगत सिंचाइ तर्फका १२९ आयोजनाहरु सम्पन्न हुने गरी रू.८७ करोड विनियोजन गरेको छु । यसबाट थप १४५० हेक्टर जमिनमा सिंचाइ सुबिधा विस्तार हुने र ३४५० हेक्टर जमिनमा सिंचाइ पूर्वाधार निर्माण सुरू भई रोजगारी समेत अभिवृद्धि हुनेछ ।

१२१. कृषक स्वयमको व्यवस्थापनमा परम्परागत रुपमा संचालित १५० वटा सिंचाइ प्रणाली मर्मत सम्भार गरी करिब १३५० हेक्टर जमिनमा सिंचाइ सेवा पूर्ण क्षमतामा सञ्चालन गर्न रू.४४ करोड विनियोजन गरेको छु ।

१२२. बर्षभरि सिंचाइ सेवा पुगी नगदे बालीको उत्पादन, रोजगारी सृजना, आयआर्जन वृद्धिमा समेतमा योगदान पुग्ने उद्देश्यले तराईका ६ जिल्लामा २५ हेक्टर भन्दा ठूला क्लष्टरको रुपमा ६०० वटा स्यालो ट्युबवेल निर्माण सम्पन्न गरी १२०० हेक्टर जमिनमा थप सिंचाइ सुबिधा विस्तार गर्न स्यालो ट्युबवेल कार्यक्रमको लागि रू.९ करोड विनियोजन गरेको छु ।

१२३. भूमिगत जलको पुनर्भरण, बाढी प्रकोप न्यूनीकरण, जैविक विविधताको संरक्षण र जलवायु परिवर्तनको असरमा कमि गर्नको साथै, डुवान तथा पहिरोजन्य विपदको दिगो व्यवस्थापनका लागि कार्ययोजना सहित कपिलवस्तुको वाणगंगा, दाङको ग्वार खोला लगायत अन्य सम्भाव्य स्थानमा जलाशययुक्त आयोजनाको अध्ययन गर्न रू.१ करोड विनियोजन गरेको छु ।

१२४. जलउत्पन्न प्रकोप न्यूनीकरण तथा व्यवस्थापन गर्न जोखिमयुक्त क्षेत्रमा नदी तटबन्ध गरी मानबवस्ती, सिंचाइ संरचना, तथा खेतीयोग्य जमिनको संरक्षण गर्ने कार्यक्रमलाई माग र औचित्यताको आधारमा निरन्तरता दिन रू.५६ करोड विनियोजन गरेको छु । यसबाट ३७ कि.मि नदि तटबन्ध हुने, १० हजार जनसङ्ख्या लाभान्वित हुने र ४५ हेक्टर जमिन उकास हुनेछ ।

१२५. आपतकालीन **जलउत्पन्न प्रकोप व्यवस्थापन कार्यक्रमलाई** निरन्तरता दिन रू.९ करोड विनियोजन गरेको छु। जलजन्य विपद् व्यवस्थापनका लागि संस्थागत क्षमता वृद्धि गर्ने तथा नदि तटबन्धमा स्थानीय प्रविधिको प्रयोगमा जोड दिईनेछ ।

## श्रम तथा रोजगार

१२६. **"श्रमको सम्मानः लुम्बिनी प्रदेशको अभियान"** का साथ प्रदेशलाई श्रमिकमैत्री बनाउन रणनीतिक योजना तर्जुमा गरिनेछ। स्थानीय कच्चा पदार्थमा आधारित हस्तकलाका सामग्री उत्पादन संभाव्यताको पहिचान गरी निजी क्षेत्रसँगको सहकार्यमा सीपमूलक तालिम र प्रविधि उपलब्ध गराउन र बेरोजगार युवा लक्षित सीप परीक्षण सहित सीपमूलक तालिम प्रदान गरी उद्यमशीलता विकासबाट रोजगारी सिर्जना गर्न रू.४

करोड ८ लाख र **"सीप सिक्दै कमाउँदै"** कार्यक्रम सञ्चालन गर्न रू.५१ लाख विनियोजन गरेको छु।

१२७. **"मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम"** मार्फत रोजगारमूलक शिक्षा, प्राविधिक सीप विकास गर्दै सीप, पूँजी र प्रविधिको संयोजनामा संघ, स्थानीय तह, निजी क्षेत्र, सहकारीको साझेदारीमा आगामी दुई वर्षमा दुई लाख उत्पादनशील रोजगारी सिर्जना गर्न एकमुष्ट रू.१ अर्ब बजेट व्यवस्था मिलाएको छु। सबै सरोकारवाला निकाय र संस्थासँगको सहकार्य र साझेदारीमा कार्यान्वयन संयन्त्र व्यवस्था गरी सरकारको नीति तथा कार्यक्रमिक प्राथमिकता बमोजिम आयमूलक गतिविधि विस्तार गर्न सरकारी, निजी, गैरसरकारी संस्था र विकास साझेदार आदिको सहभागितामा **"मुख्यमन्त्री आर्थिक विकास साझेदारी कोष"** व्यवस्था गरी स्रोत वृद्धि र परिचालन गरिनेछ।

१२८. **"आज सिकाइः भोलि कमाइ"** भन्ने अभियानका साथ एस.इ.इ र १२ कक्षाको परीक्षा दिई नतिजा कुरिरहेका विद्यार्थी लक्षित गरी श्रम बजारको आवश्यकता र स्व-रूचि अनुसार खाली समय सदुपयोग हुने गरी एक देखि तीन महिने व्यावसायिक तालिम प्रदान गर्न बजेट छुट्याएको छु ।

१२९. बेरोजगार र अर्धबेरोजगार जनशक्तिको दक्षता वृद्धि गर्दै वित्तीय पहुँच र सामाजिक परिचालनको माध्यमबाट सीप, पुँजी र प्रविधिको संयोजनमा उद्यमशीलता विकास गर्न उद्यम सहजकर्ताको व्यवस्था गरी स्थानीय तहको समन्वयमा कार्यान्वयन गरिनेछ।

१३०. द्वन्द्व प्रभावित परिवारलाई आत्मनिर्भर बनाई आत्मसम्मानका साथ बाच्न सक्ने वातावरण सृजना गर्न उद्यमशीलता तर्फ अग्रसर बनाइने छ । जनयुद्ध, मधेश

आन्दोलन, लोकतान्त्रिक एवं गणतान्त्रिक आन्दोलनका शहीद परीवार, बेपत्ता नागरीकका परिवार, घाइते, अपाङ्ग एवं पूर्व जनमुक्ति सेनालाई लघु उद्यम तालिम र शुरुवाती पुँजी उपलब्ध गराउने "द्वन्द्व प्रभावित परिवार उद्यमशीलता प्रवर्द्धन कार्यक्रम"को लागी रु.१ करोड छुट्टाएको छु ।

१३१. **"स्वदेशमा स्वरोजगार बनौं : विदेश जानै परे सीप सिकेर मात्रै जाऔं"** भन्ने नारालाई सार्थक बनाउने गरी सुरक्षित आप्रवासन कार्यक्रमलाई वैदेशिक रोजगारमा जाने सबैभन्दा बढी सङ्ख्या रहेका जिल्ला मध्येबाट आगामी आर्थिक वर्षमा पाल्पा र अर्घाखाँचीमा स्थानीय तहसँगको सहकार्यमा **"सुरक्षित आप्रवासन श्रोत केन्द्र"** सञ्चालन र गुल्मीमा सञ्चालित स्रोत केन्द्रको सबलीकरणका लागि बजेट विनियोजन गरेको छु।

१३२. प्रदेशको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम नियमनको लागि कानून सहितको आवश्यक व्यवस्था गरिनेछ। विदेशबाट फर्केका युवाले विदेशमा सिकेको सीप परीक्षणका लागि नेपाल सीप परीक्षण बोर्डसँगको सहकार्यमा ९०० जनाको सीप परीक्षण गरी उद्यमशिल कार्यमा आवद्ध गरिनेछ।

१३३. श्रमिक र रोजगारदाताको सामाजिक सुरक्षा, बाल तथा बाध्यकारी श्रमको अन्त्य एवं सीमान्तकृत वर्गको पहुँच स्थापित गर्ने कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु।

१३४. विद्यमान रोजगार पोर्टललाई एकीकृत रूपमा विकास गरी विद्युतीय माध्यमबाट समग्र रोजगार सम्बन्धी सूचना आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ।

१३५. स्थानीय तहको सेवा प्रवाह, सुशासन र विकास व्यवस्थापनका क्षेत्रमा स्थानीय तहसँगको साझेदारीमा सिर्जनशील र नवप्रवर्तनशील आयोजना प्रबर्धन गर्न **मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम**का लागि रू.१२ करोड विनियोजन गरेको छु।

१३६. प्रदेशमा युवा सक्षमता अभिवृद्धि, युवा रोजगार तथा स्वरोजगारका लागि ४६० जना युवालाई २४ महिने औद्योगिक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको छ। युवाका लागि जीवनवृत्ति परामर्श (करिअर काउन्सिलिङ) इकाई सञ्चालनको लागि बजेटको व्यवस्था गरेको छु।

**पर्यटन, कला र संस्कृति**

१३७. गौतमबुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रमा बृहत **"बुद्ध सर्किट"** विकास गर्न, संघ सरकारसँग समन्वय गरी कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गराउन र धार्मिक पर्यटन प्रवर्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१३८. महत्वपूर्ण प्राचीन स्मारक, ऐतिहासिक कोट, गढी, किल्ला, धार्मिक, सांस्कृतिक सम्पदा एवं पुरातात्त्विक र पर्यटकीय स्थलको महत्वको आधारमा वर्गीकरण र स्रोत परिचालनमा प्राथमिकीकरण गर्दै पूर्वाधार विकास सहित संरक्षण, प्रवर्धन, अन्वेषण तथा अनुसन्धान गरी पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न रू.४ करोड विनियोजन गरेको छु।

१३९. **"संस्कृति जोगाऔंः सांस्कृतिक उत्पादन बेचौं"** भन्ने नाराका साथ नेपाली संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्धन गर्नुका साथै विदेशी मुद्रा आर्जन समेतको स्रोतको रूपमा विकास गर्न बजेट व्यवस्था गरेको छु।

१४०. दाङको दङ्गिशरण दरबार, पाल्पा दरबार संग्रहालय लगायतका अन्य ऐतिहासिक संग्रहालयको स्तरोन्नति सहित व्यवस्थापनका लागि रू.४ करोड ५० लाख विनियोजन गरेको छु। पाल्पाको श्रीनगर तथा नुवाकोट डबली, बर्दियाको ठाकुरबाबा एवं दाङ् घोराहीको सांस्कृतिक डबली व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१४१. पाणिनी तपोभूमिः पाल्पाको भैरवस्थान, रानीमहल, प्यूठानको स्वर्गद्वारी, बाँकेको बागेश्वरी, बर्दियाको ठाकुरबाबा, दाङको पुरनधारा झरना, धारापानी, रिहार, रतननाथ मन्दिर, रोल्पाको जलजला, रूकुमपूर्वको सिस्ने, कमलदह, रूपन्देहीको देवदह, जीतगढी किल्ला, नवलपरासी (ब.सु.प) को रामग्राम, गुल्मीको रूरू सांस्कृतिक क्षेत्र र रेसुङ्गा क्षेत्रको संरक्षण र विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१४२. महत्वपूर्ण पर्यटकीय गन्तव्यको पूर्वाधार निर्माण तथा विकासमा निजी क्षेत्रको लगानीलाई आकर्षित गर्न सार्वजनिक-निजी साझेदारी अवधारणा अनुसार कानूनी व्यवस्था मिलाइने छ।

१४३. गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल क्षेत्रमा प्रदेशको पहिचान झल्किने गरी **"कोसेली घर"** सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ। गौतमबुद्धको जन्मस्थल लुम्बिनीको माटो र पानी प्रयोग गरी कोशेली उत्पादन र बजारीकरणमार्फत वृहत रूपमा स्वरोजगार सिर्जना गर्ने कार्यलाई रू.१ करोड ५० बजेट व्यवस्था गरेको छु।

१४४. मगर, गुरूङ्ग, थारू, मुस्लिम, खस/आर्य, अवध तथा अन्य जातजातिको रैथाने खाना ढिकरी, चुकौनी, बटुक, राबडी, पेडा आदिको गुणस्तरीय उत्पादन र बजारीकरण व्यवस्थाका लागि रू.४० लाख बजेट विनियोजन गरेको छु।

१४५. लुम्बिनी क्षेत्र, स्वर्गद्वारी र बर्दिया राष्ट्रिय निकुञ्जलाई जोड्न गोल्डेन ट्र्याङ्गल सर्किट, दाङ, बाँके र बर्दियालाई जोड्न थारू सांस्कृतिक सम्पदा सर्किट, रूकूम पूर्व, पाल्पा र रोल्पालाई जोड्न मगर सांस्कृतिक सम्पदा सर्किट, कपिलवस्तु, नवलपरासी (ब.सु.प.) र रूपन्देहीलाई जोड्न अवधि सांस्कृतिक सम्पदा सर्किट र प्यूठान, अर्घाखाँची र गुल्मीलाई जोड्न खस आर्य सम्पदा सर्किटका पर्यटकीय पूर्वाधारको विकास गर्न रू.५० लाख बजेट विनियोजन गरेको छु। १२ वटै जिल्लामा खस/आर्य, थारू, मगर, मुस्लिम, अवधी लगायतको साँस्कृतिक ग्रामको गुरूयोजना अनुरूप व्यवस्थापनका लागि  विशेष प्राथमिकता दिएको छु।

१४६. पर्यटन क्षेत्रको विकासका लागि सरोकारवालासँगको सहकार्यमा टुर गाइड, ट्राभल एजेण्ट्स, हाउस किपिङ आदि सिपमूलक प्रशिक्षण सञ्चालन लगायतका पर्यटन प्रवर्धनका बहुआयामिक क्रियाकलाप सञ्चालन गर्न रू.७ करोड विनियोजन गरेको छु।

१४७. प्रदेशको मौलिकता झल्काउने बुल राइडीङ, बुल ड्राइभ, बफेलो ड्राइभ, बयलगाढा यात्रा, पहाडी घोडा यात्रा लगायतका सहासिक र मनोरञ्जनात्मक कार्यलाई सम्मानजनक पर्यटन व्यवसायको रूपमा विकास गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

१४८. न्यूनतम लगानीमा काष्ठ लगायत कच्चा पदार्थको प्रयोग गरी शान्त वातावरणमा पर्याबलोकन र मनोरञ्जनात्मक पार्क स्थापना गर्न प्रोत्साहन गर्दै झोलुङ्गे पुल उद्यान

(सस्पेन्सन ब्रीज पार्क) को अवधारणामा आधारित प्रकृतिमैत्री एवं पर्यटकीय पूर्वाधारको विकास गरिनेछ । यस अन्तर्गत बर्दिया सस्पेन्सन ब्रीज पार्क र बबई सस्पेन्सन ब्रीज पार्कका लागि अध्ययन र निर्माण कार्यको शुरूवात गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१४९. गौतमबुद्धको जन्मस्थल लुम्बिनीलाई प्रचार-प्रसार गरी आगामी दशकलाई लुम्बिनी भ्रमण दशकको रूपमा मनाउन संघीय सरकार लगायत सबै सरोकारवालासँग सहकार्य गरी उत्कृष्ट गन्तव्य स्थलको रूपमा विकास गरी पर्यटकको बसाई अवधि र सङ्ख्या बढाउन होटल शैय्या विस्तार गर्न निजी क्षेत्रसँग समन्वय गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

१५०. लुम्बिनीलाई विश्व पर्यटन क्षेत्रको महत्वपूर्ण गन्तव्यको रूपमा प्रवर्धन गर्न गौतमबुद्धको जन्मस्थलमा नोबेल पुरस्कार विजेता तथा विभिन्न देशका राजनेताको सहभागितामा अन्तरराष्ट्रियस्तरको **“लोरेट एण्ड लिडर”** कार्यक्रम आयोजना गर्न रू.६ करोड ५० लाख विनियोजन गरेको छु। अन्तरराष्ट्रिय करूणा तथा शान्ति केन्द्र स्थापना गर्न अध्ययन गर्ने व्यवस्था मिलाएको छु।

**यातायात तथा पूर्वाधार विकास**

१५१. यातायात क्षेत्रमा नवीनतम प्रविधिको प्रयोग गरी एकद्वार प्रणालीको माध्यमबाट नियमनलाई वैज्ञानिक तथा थप प्रभावकारी बनाइनेछ। यातायात व्यवस्था कार्यालयको संस्थागत सुधार सहित सेवालाई सर्वसुलभ र पहुँचयोग्य बनाइनेछ ।

१५२. सवारी दुर्घटना न्यूनीकरण गर्न प्रदेशका १२ वटै जिल्लामा **"चालक सचेतना कार्यक्रम"** र विद्यार्थी लक्षित गरी प्रत्येक जिल्लाका २/२ वटा विद्यालयमा

**"दुर्घटना न्यूनीकरणमा ट्राफिक विद्यार्थी सँगसँगै"** जस्ता कार्यक्रम सञ्चालनका लागि रू.४८ लाख विनियोजन गरेको छु।

१५३. यातायात व्यवसायीसँगको सहकार्यमा प्रदेशका प्रमुख रूटमा विद्युतीय माध्यमबाट भाडा भुक्तानी गर्ने व्यवस्था मिलाइनेछ, साथै परीक्षणकालीन सवारी चालक अनुमतीपत्र सहज रूपमा उपलब्ध गराइनेछ।

१५४. पूर्वपश्चिम राजमार्गमा निर्माणाधीन पुनर्ताजगी केन्द्र स्थानीय तहलाई हस्तान्तरण गरिने र नयाँ पुनर्ताजगी केन्द्र निर्माण सुरू रू.२ करोड २० लाख विनियोजन गरेको छु।

१५५. प्रदेश गौरवको आयोजना रामपुर जिनावाङ सडकको स्तरोन्नतिको लागि पाल्पा, अर्घाखाँची, प्युठान र रोल्पामा एकसाथ वहुवर्षीय आयोजना कार्यान्वयन गर्न रू.२० करोड ५० लाख विनियोजन गरेको छु ।

१५६. सिद्धार्थ राजमार्गको सिद्धबाबा क्षेत्रको जोखिमयुक्त खण्डमा निर्माणाधीन वैकल्पिक मार्ग बुटवल धागो कारखाना चरङ्गे झुम्सा सडकमा पर्ने सम्पूर्ण पुल-पुलेसा निर्माण सम्पन्न गरिनेछ र सडक स्तरोन्नतिको कार्यसम्पन्न गरी यातायात सञ्चालन गर्न समेत रू.७ करोड ७५ लाख विनियोजन गरेको छु ।

१५७. पूर्वपश्चिम राजमार्गको रूपन्देहीको वेलवास देखि हुलाकी राजमार्गको वेथरीसम्म २१ किलोमिटर सडक निर्माण सम्पन्न गरी उक्त सडकलाई मर्चवारको खैराघाटसम्म विस्तार गर्ने लक्ष्यका साथ निर्माणाधीन गुरूवनिया, तुनिहवा मझगाँवा सेमरा खैराघाट सडक र गुरवनियाघाटमा सडक पूल निर्माणका लागि रू.७ करोड २० लाख विनियोजन गरेको छु ।

१५८. पटौटी-दुर्गाफाँट-कुखुरे देउराली-खर्ज्याङ्ग-राङवास-सिमिचौर-तम्घास सडक, सन्धिखर्क-गच्छे- ढिकुरा-धनचौर-जुकेना-जलुके-लामाताल-बडिदमार-चैते-रामपुर सडक, बाँके र बर्दिया जोड्ने राँझा राजापुर सडक लगायत प्रदेशका महत्वपुर्ण १७ वटा सडकको स्तर वृद्धिका लागि रू.२६ करोड १० लाख विनियोजन गरेको छु ।

१५९. सबै स्थानीय तहका केन्द्रसम्म कालोपत्रे सडक पुऱ्याउने लक्ष्यका साथ **स्थानीय तह पहुँचमार्ग कार्यक्रम** अन्तर्गत कार्यान्वयनमा रहेका १२ वटा पहुँचमार्ग निर्माण सम्पन्न गर्न र थप १३ वटा पहुँचमार्गको स्तरोन्नतिको लागि रू.५० करोड १५ लाख विनियोजन गरेको छु ।

१६०. ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने उद्देश्यका साथ महत्वपुर्ण २१ वटा पर्यटनस्थल पहुँचमार्ग स्तरोन्नति गर्न एकमुष्ट रू.१३ करोड ४० लाख विनियोजन गरेको छु ।

१६१. सीमा क्षेत्र सडक कार्यक्रम अन्तर्गत नवलपरासी (ब.सु.प.) को बासाबसाही-पिपरिया-महेशपुर सडक, कपिलवस्तुको महाराजगञ्ज हर्दौना सडक, दाङको गोठुवा सुनपत्री सुनछहारी सडक, बाँकेको मञ्जुखावा समाधि देखी छोटि भन्सार जोड्ने सडक र बर्दिया जिल्लाका ४ वटा सडक समेत जम्मा २१ वटा सडकका लागि रू.२९ करोड ७० लाख विनियोजन गरेको छु।

१६२. बर्दिया जिल्लाको राजापुर नगरपालिका र गेरूवा गाउँपालिकाको भौंरा टप्पा क्षेत्रको वृहत्तर विकास गुरूयोजना बनाई क्रमशः कार्यान्वयन गर्दै जान अध्ययन अनुसन्धानको व्यवस्था मिलाएको छु। साथै, भौंरा टप्पा वृहत चक्रपथमा पर्ने

दौलतपुर घाट देखि कर्णाली कोडिडोर हुँदै सनकट्टी घाटसम्मको सडक खण्ड स्तरोन्नतीको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१६३. संघीय सरकारसँगको लागत साझेदारीमा सञ्चालन हुने अर्घाखाँचीको सन्धिखर्क-गच्छे-ढिकुरा-धनचौर-जुकेना-जलुके-लामाताल-बडिदमार-चैते-रामपुरसडक,सन्धिखर्क-वल्कोट तम्घास सडक (वल्कोट-नेटा-खण्ड), पाल्पाको सालझण्डी-सुगुरेढुङ्गा सडक, सिमलतारा मूलाबारी-हाँसीपुर-चैते-वाङ्गेसिमल सडक, बांकेको परसपुर-बेलभार-राधापुर-सादतपुर-जानकीचार सडक, बर्दियाको राजापुर रिङ्रोड, रूकुम पूर्वको दुईखोली-बाघामारा-चुनवाङ-रूकुमकोट सडक र प्युठानको बागदुल्ला-दम्तीबहाने-खवाङ-स्याउलीवाङ-नौवहिनी पर्यटन क्षेत्र सडक (बहने स्याउलीवाङ) खण्डका लागि रू.१ अर्ब विनियोजन गरेको छु।

१६४. निर्माणाधीन ३६ वटा र ६५ वटा नयाँ सडकपूल तथा अन्य सडकपूलको सम्भाव्यता अध्ययन एवं विस्तृत आयोजना प्रतिवेदन तयार गर्नका लागि रू.१ अर्ब ७४ करोड ५४ लाख विनियोजन गरेको छु।

१६५. दुर्गम बस्ती जोड्न झोलुङ्गे पुल निर्माण गर्न प्राथमिकता दिई १४ वटा निर्माणाधीन, १८ वटा नयाँ निर्माण र जिर्ण भएका अन्य झोलुङ्गे पुलको वृहत मर्मत सम्भार गर्न रू.१४ करोड ५५ लाख विनियोजन गरेको छु।

१६६. कालोपत्रे सडकको मर्मत सम्भार कार्य गर्न रू.२० करोड ८९ लाख विनियोजन गरेको छु।

१६७. प्रदेशको मुख्य धार्मिक पर्यटकीय स्थल स्वर्गद्वारी जोड्ने भीङ्ग्री-स्वर्गद्वारी सडकमा सवारी दुर्घटनाबाट हुने गरेको जनधनको क्षति न्यून गर्न सघन सडक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्थाका लागि रू.४ करोड विनियोजन गरेको छु।

**सूचना, सञ्चार तथा प्रविधि**

१६८. सूचना प्रविधिको क्षेत्रमा नवप्रवर्तनात्मक कार्यक्रम विस्तार गर्न एवं प्रदेश सरकारद्वारा प्रदान गरिने सेवालाई सूचना प्रविधिको माध्यमबाट सरलीकृत र व्यवस्थित गर्न रू.४ करोड विनियोजन गरेको छु।

१६९. प्रदेशको समग्र सामाजिक र आर्थिक अवस्था डिजिटल नक्सामा झल्किने गरी प्रदेश प्रोफाइलिङ्को व्यवस्था गरेको छु। **"तथ्यमा आधारित नीति तर्जुमा"** सिद्धान्तलाई आत्मसाथ गर्दै विकास सूचक, घरधुरीका विवरण सहितको मानचित्रण गरिनेछ ।

१७०. सञ्चारकर्मीको पेशागत सुरक्षा, प्रदेशमा रहेका सञ्चारमाध्यम तथा सञ्चारकर्मीको क्षमता अभिवृद्धिका कार्यक्रमबाट प्रोत्साहन गर्नुका साथै लोककल्याणकारी विज्ञापन र अन्य गतिविधि प्रकाशन तथा प्रसारण गर्न रू.४ करोड विनियोजन गरेको छु । पत्रकारको दुर्घटना बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**सहकारी**

१७१. सहकारी संस्थासँग साझेदारीमा कार्यक्रम, सहकारी संस्थाको क्षमता विकासका साथै महिला सहकारी प्रवर्धन, स्थानीय वस्तुको उत्पादन र बजारीकरण, गरिबी निवारण, उद्यमशीलता, नवप्रवर्तन तथा रोजगारी सिर्जना गर्ने कार्यक्रम र सहकारी विकास कोष समेतको परिचालन गर्न रू.८ करोड ९१ लाख विनियोजन गरेको छु।

**सार्वजनिक सेवा प्रवाह, शान्ति सुरक्षा र सुशासन**

१७२. प्रदेशको शान्ति सुरक्षा र सुव्यवस्थाका लागि प्रहरी संगठनलाई सुविधा सम्पन्न गराउने उद्देश्यले निर्माणाधीन प्रहरी भवन निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सम्पन्न गर्न रू.२५ करोड ५५ लाख र नयाँ प्रहरी भवन निर्माण एवं मर्मतका लागि रू.२ करोड ७५ लाख बजेट विनियोजन गरेको छु ।

१७३. विपद् पूर्वतयारी र विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन प्रदेश विपद् व्यवस्थापन कोषमा रू.१० करोड रहने व्यवस्थालाई निरन्तरता दिएको छु। विपद् वा महामारीजन्य घटनाबाट उद्धारका लागि संस्थागत सुदृढीकरण, जनशक्तिको क्षमता विकास, विपद् व्यवस्थापन सामग्री तथा साधन खरिद, विपद् जोखिम क्षेत्रको नक्शांकन आदि कार्यलाई रू.३ करोड विनियोजन गरेको छु।

१७४. सडक दुर्घटना न्यूनीकरण एवं अपराध अनुसन्धानमा मद्दत पुऱ्याउन ट्राफिक सचेतनामूलक कार्यक्रम सञ्चालन तथा पूर्व पश्चिम राजमार्गका महत्वपूर्ण स्थानमा CCTV प्रणाली जडान गर्न रू.७५ लाख रकम विनियोजन गरेको छु।

१७५. कारागारको संरचनात्मक सुधार र दाङको तुल्सीपुरमा निर्माणाधीन महिला कारागार भवन निर्माण सम्पन्न गर्न रू.९० लाख विनियोजन गरेको छु। कैदीबन्दीलाई प्रदेश सरकारबाट अभिभावकत्वको प्रत्याभूति दिलाउँदै आयआर्जनमूलक कार्यक्रम तथा कारागार भित्र एवं कारागार जीवन पश्चात् समेत समाजमा पुनर्स्थापित गर्न सकारात्मक सोंच विकास कार्यक्रम सञ्चालनका लागि रू.७० लाख विनियोजन गरेको छु।

१७६. नेपालको राजनीतिक परिवर्तनका विभिन्न समयमा महत्वपूर्ण भूमिका वहन गर्ने शहीदका परिवारको निःशुल्क स्वास्थ्य बीमा, सशस्त्र द्वन्दका घाइते/अपाङ्ग भएका व्यक्तिको

निःशुल्क उपचार एवं द्वन्द्व प्रभावितलाई आयआर्जन कार्यक्रमका लागि रू.२ करोड ७० लाख विनियोजन गरेको छु।

१७७. नेपालको संविधानद्वारा निर्दिष्ट कार्य क्षेत्र अनुरूप प्रदेशले तर्जुमा गर्नुपर्ने कानूनको पहिचान तथा विधायन व्यवस्थापन सम्बन्धमा प्रदेश सभा सदस्य र कर्मचारीको क्षमता विकास गर्न, निर्मित कानूनको अध्ययन तथा विश्लेषण गरी कार्यान्वयन प्रभावकारिता वृद्धि गर्न रू.१ करोड विनियोजन गरेको छु ।

१७८. स्थानीय तथा प्रदेशका जनप्रतिनिधि र जनशक्तिको क्षमता विकासका लागि तालिम तथा प्रशिक्षणका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न प्रशिक्षण संस्थाको संस्थागत विकासका लागि बजेटको व्यवस्था गरेको छु।

१७९. प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा ऐन यसै आर्थिक वर्षमा निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। राष्ट्रसेवकलाई प्रोत्साहन गर्न क्षमता विकास, माध्यमिक तहमा अध्ययन गर्ने सन्ततिका लागि शैक्षिक वृत्ति, स्वास्थ्य बीमा लगायतका सुविधाको व्यवस्था मिलाइनेछ।

१८०. प्रदेश राजधानीमा निजामती कर्मचारी अस्पताल स्थापना गर्न अध्ययन गरिनेछ। प्रदेशमा कार्यरत कर्मचारीलाई दिदै आएको आन्तरिक पर्यटन काजलाई निरन्तरता दिएको छु।

१८१. विनियोजन कुशलता र कार्यान्वयन दक्षता अभिवृद्धि गरी सार्वजनिक खर्चको प्रभावकारिता बढाई वित्तीय अनुशासन कायम गर्दै सरलीकृत सेवा प्रवाह र सरकारी कार्य प्रकृयालाई सेवाग्राहीमैत्री बनाई जिम्मेवार बनाउन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा सुधार गर्न आवश्यक बजेट विनियोजन गरेको छु। सेवा प्रवाहमा उत्कृष्ट कार्यालय र उत्कृष्ट कर्मचारीसमेत छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाएको छु।

१८२. भ्रष्टाचार प्रति शून्य सहनशीलताको नीति अपनाई उत्तरदायी र पारदर्शी सरकारको भावना अनुरूप सुशासनको प्रत्याभूति दिने गरी बजेट कार्यान्वयनको व्यवस्था गरेको छु।

१८३. सरकारी खर्च व्यवस्थापनलाई विधिसम्मत र प्रभावकारी बनाई बेरूजु कायम नहुने गरी कार्य सम्पादन गर्न सरकारी निकायका कामकारवाहीमा सुधार गर्ने र बेरूजु फर्छ्यौट कार्यलाई अभियानको रूपमा सञ्चालन गरिनेछ।

१८४. प्रदेशमा योजना अभ्यास र योजना अनुशासन संस्कृतिको पालना गर्दै प्रदेश योजना आयोगको संस्थागत क्षमता विकास गरी समग्र योजना चक्रलाई व्यवस्थित र पूर्वानुमानयोग्य बनाई सूचना प्रविधिमैत्री आयोजना बैंक र नतिजा-सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१८५. प्रदेश लोक सेवा आयोगको संस्थागत सुदृढीकरण गरिनेछ। राष्ट्रिय किताबखाना (निजामती) सँग समन्वय गरी प्रदेशका कर्मचारीको अभिलेख विद्युतीय प्रणालीमार्फत व्यवस्थित गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

**माननीय सभामुख महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१८६. प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम बमोजिम प्रदेश सरकारका निकायबाट सञ्चालन गरिने आयोजना तथा कार्यक्रम कार्यान्वयन र अनिवार्य दायित्व भुक्तानीका लागि प्रदेश सञ्चित कोषबाट हुने

व्ययभारतर्फ रू.४० अर्ब ४६ करोड ८९ लाख ५७ हजार र प्रदेश सञ्चित कोषमाथि हुने व्ययभारतर्फ रू.१ करोड ७ लाख ४३ हजार विनियोजन गरेको छु।

१८७. आगामी आर्थिक वर्षका लागि कुल खर्च रू.४० अर्ब ४७ करोड ९७ लाख विनियोजन गरेको छु । कुल विनियोजनमध्ये चालुतर्फ रू.१३ अर्ब ६३ करोड ३० लाख ९९ हजार अर्थात् ३३.६८ प्रतिशत र पुँजीगततर्फ रू.२३ अर्ब २५ करोड ६९ लाख १ हजार अर्थात् ५७.४५ प्रतिशत र वित्तीय हस्तान्तरणका लागि रू.३ अर्ब ५८ करोड ९७ लाख अर्थात् ८.८७ प्रतिशत रहने अनुमान गरेको छु।

१८८. आगामी आर्थिक वर्षमा अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रू.६ अर्ब ७३ करोड ५१ लाख, संघबाट प्राप्त हुने राजस्व बाँडफाँटबाट रू.११ अर्ब ३१ करोड ७४ लाख, संघबाट प्राप्त हुने रोयल्टी रू.२९ करोड, स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने राजस्व रू.२ अर्ब ५० करोड ३० लाख प्राप्त हुने अनुमान गरेको छु। त्यस्तै गरी संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रू.८ अर्ब १४ करोड ८३ लाख, सशर्त अनुदानबाट रू.५ अर्ब ८३ करोड ५९ लाख, समपूरक अनुदानबाट रू.८४ करोड, विशेष अनुदानबाट रू.५६ करोड, चालु आर्थिक वर्षको नगद मौज्दातबाट रू.३ अर्ब र आन्तरिक ऋणबाट रू.१ अर्ब २५ करोड परिचालन हुने अनुमान गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८०/८१ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**राजस्व परिचालनको नीति तथा कार्यक्रम**

१८९. प्रदेश राजस्व परामर्श समितिको परामर्श तथा सुझावका आधारमा राजस्वका नयाँ क्षेत्रको पहिचान गरी प्रदेशको एकल तथा साझा करका अधिकार क्षेत्र रहेका विज्ञापन कर, मनोरञ्जन कर र प्राकृतिक स्रोतको शुल्कको दायरा विस्तार गर्ने व्यवस्था मिलाएको छु।

१९०. वित्तीय साक्षरताको अभावमा नागरिकले वित्तीय धितो बन्धक प्रकृतिका कारोबार गर्दा घरजग्गा जस्ता सम्पत्ति न्यून मूल्यमा गुमाउनु परेको पीडा र राजस्व चुहावटसमेत नियन्त्रणका लागि त्यस्ता वित्तीय धितो राखिएका घरजग्गाको वास्तविक मूल्याङ्कन गर्ने तथा धितो राख्दा र लिलाम हुँदाका बखत ऋण प्रदायक निकायले अवमूल्याङ्कन तथा मूल्यान्तर गर्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने कानूनी व्यवस्था मिलाएको छु।

१९१. प्रदेशभित्र सार्वजनिक निकाय तथा अन्य कुनै निकायले ठेक्का बन्दोबस्त गर्दा आयोजना स्थलबाट प्राप्त हुने नदीजन्य तथा खानीजन्य पदार्थको लाभ प्रक्षेपण गरी त्यस्ता पदार्थ आयोजनाको लागि खपत हुने भएमा सोको शुल्क निर्धारण गरी ठेक्का रकममा समायोजन गरिनेछ र समायोजन हुन नसकेको अवस्थामा आयोजना स्थल रहेका स्थानीय तहमार्फत बिक्री गरी बाँडफाँट हुने व्यवस्था मिलाएको छु।

१९२. सवारी साधनसम्बन्धी कर तथा शुल्क दस्तुरको दरले अन्तर-प्रादेशिक तहमा समेत प्रभाव पर्ने सन्दर्भमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम

समसामयिक बनाउने व्यवस्था मिलाएको छ। प्रदेशभित्र सवारी साधनसम्बन्धी दण्ड जरिवाना बापतको रकम प्रदेश सञ्चित कोषमा जम्मा हुने व्यवस्था गरेको छु।

१९३. यातायात व्यवस्था कार्यालयबाट सङ्कलन हुँदै आएको टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा लाग्ने सवारी साधन कर आगामी आर्थिक वर्षदेखि कानूनी व्यवस्था गरेका स्थानीय तह आफैले लगाउन र उठाउन सक्ने व्यवस्था मिलाएको छु।

१९४. कृषि क्षेत्रमा नगद अनुदान वा वस्तुगत सहायता प्राप्त गरी निष्क्रीय रहने अनुदानग्राही वा लाभग्राहीले त्यस्तो अनुदान वा वस्तुगत सहायतामार्फत सञ्चालन गरेको उत्पादन वा व्यवसाय नियमन गर्दै त्यस्तो व्यवसायबाट प्राप्त आयलाई करसँग आवद्ध गर्ने व्यवस्था मिलाएको छु।

१९५. प्रदेशभित्र इजाजतपत्र नलिएका वा नवीकरण नगरी सञ्चालनमा रहेका पर्यटन व्यवसायलाई एक पटकको लागि न्यून शुल्कमा इजाजतपत्र प्राप्त गर्न वा नवीकरण गर्न सक्ने व्यवस्था मिलाउनुका अतिरिक्त प्राइभेट तथा साझेदारी फर्मलाई विवरण बुझाउँदा लाग्ने जरिवाना तथा शुल्कमा छुट दिने व्यवस्था मिलाएको छु।

१९६. बीस वर्षभन्दा बढि अवधि पूरा भएका तर लगत कट्टा नभएका भाडाका सवारी साधनको हकमा लगत कट्टा गरी कवाडी वा अन्य वस्तुको रूपमा विस्थापन गर्न त्यस्ता सवारी साधनमा आंशिक रूपमा मात्र सवारी साधन कर लिई लगत कट्टा गर्न सक्ने व्यवस्था मिलाएको छु।

१९७. प्रदेशको मुख्य आयस्रोतको रूपमा रहेको राष्ट्रिय वन क्षेत्रमध्ये सामुदायिक वन व्यवस्थापनबाट प्राप्त हुने वन पैदावार शुल्क र त्यस्तो वनक्षेत्रको नदीजन्य पदार्थको

बिक्रीबाट प्राप्त हुने लाभलाई वन उपभोक्ता समूह र प्रदेश सरकारबीचमा समन्यायिक बाँडफाँट गर्ने व्यवस्था मिलाएको छु।

१९८. आर्थिक वर्ष २०७८/०७९ को यथार्थ खर्च, आर्थिक वर्ष २०७९/०८० को संशोधित अनुमान र आर्थिक वर्ष २०८०/०८१ को शीर्षकगत र स्रोत सहितको व्यय अनुमान साथै पेश गरेको छु। अनुमानित आय-व्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु।

**माननीय सभामुख महोदय,**

१९९. आर्थिक वर्ष २०८०/८१ को बजेट कार्यान्वयनबाट लगानी विस्तार भई रोजगारीका अवसर बढ्ने तथा गतिशील प्रादेशिक अर्थतन्त्रमार्फत दिगो, फराकिलो एवं समावेशी आर्थिक वृद्धि हासिल हुने आशा गरेको छु।

२००. कृषि क्षेत्रका लागि अत्यावश्यक स्रोत, साधन, प्रविधि र पूर्वाधारको उपलब्धतामार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै मूल्य श्रृङ्खलामा आधारित बजार प्रवर्धन गरी नागरिकको आर्थिक अवस्था सुधार गर्दै गरिबी न्यूनीकरण हुने अपेक्षा लिएको छु ।

२०१. **"समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेश"** को संकल्पलाई साकार पार्न प्रस्तावित बजेट तथा कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने मेरो विश्वास छ । बजेट तर्जुमाको क्रममा सम्मानित प्रदेश सभा समक्ष पेश गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा गहन छलफल गरी मार्गदर्शन गर्नु भएकोमा प्रदेश सभाका माननीय सदस्यज्यूहरू प्रति कृतज्ञता ज्ञापन गर्दछु। साथै, बजेट निर्माणका क्रममा सुझाव प्रदान गर्ने राजनीतिक दल, अर्थविद्, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक

समाज, सञ्चार जगत, करदाता, विकास साझेदार तथा आम प्रदेशवासी प्रति हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछु ।

# अनुसूचीहरू

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०८०/८१

अनुसूची - १
(रु.हजारमा)

| विवरण | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | संघ | वैदेशिक |
| **१ राजस्व (२+३+४)** | **२०,१९,५१,३५** | **१९,६९,००,४६** | **२३,८४,५५,००** | **२३,८४,५५,००** | **०** | **०** |
| २ कर | १२,७३,०६,१५ | ११,९०,३०,३९ | १५,३२,१४,०० | १५,३२,१४,०० | ० | ० |
| ३ अन्य राजस्व | १,८३,०१,८८ | १,७०,११,५५ | ४,६८,४१,०० | ४,६८,४१,०० | ० | ० |
| ४ बिबिध प्राप्ति | ५,६३,४३,३२ | ६,०८,५८,५२ | ३,८४,००,०० | ३,८४,००,०० | ० | ० |
| **५ प्रदेश सञ्चित कोषमा दाखिला हुने(१-४)** | **२०,१९,५१,३५** | **१९,६९,००,४६** | **२३,८४,५५,००** | **२३,८४,५५,००** | **०** | **०** |
| **६ वित्तीय हस्तान्तरण अनुदान** | **१५,१२,४६,३५** | **१७,४०,८७,००** | **१५,३८,४२,००** | **०** | **१४,००,५२,००** | **१,३७,९०,००** |
| **७ प्रदेश सरकारको राजस्व र अनुदान (५+६)** | **३५,३१,९७,७०** | **३७,०९,८७,४६** | **३९,२२,९७,००** | **२३,८४,५५,००** | **१४,००,५२,००** | **१,३७,९०,००** |
| **८ खर्च (९+१०+११)** | **३०,०५,४६,८३** | **३४,०९,८७,४६** | **४०,४७,९७,००** | **२५,०९,५५,००** | **१४,००,५२,००** | **१,३७,९०,००** |
| ९ चालु | ८,३७,०४,०५ | १०,५०,०८,७८ | १३,६३,३०,९९ | १०,०४,१५,८९ | २,९४,०९,५४ | ६५,०५,५६ |
| १० पूंजीगत खर्च | १७,४०,७८,०९ | १९,११,१७,४७ | २३,२५,६९,०१ | ११,४६,४२,११ | ११,०६,४२,४६ | ७२,८४,४४ |
| ११ वित्तीय हस्तान्तरण चालु | ४,२७,६४,६९ | ४,४८,६१,२१ | ३,५८,९७,०० | ३,५८,९७,०० | ० | ० |
| **१२ बजेट बचत(-) न्यून(+) (८-७)** | **-५,२६,५०,८७** | **-३,००,००,००** | **१,२५,००,००** | **१,२५,००,००** | **०** | **०** |
| **१३ वित्तीय व्यवस्था** | **०** | **०** | **-१,२५,००,००** | **-१,२५,००,००** | **०** | **०** |
| **१४ आन्तरिक दायित्व (१५)** | **०** | **०** | **-१,२५,००,००** | **-१,२५,००,००** | **०** | **०** |
| १५ अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | ० | ० | -१,२५,००,०० | -१,२५,००,०० | ० | ० |
| **१६ बजेट बचत(-) न्यून (+) (१२+१३)** | **-५,२६,५०,८७** | **-३,००,००,००** | **०** | **०** | **०** | **०** |
| **१७ कुल आम्दानी** | **३५,३१,९७,७०** | **३७,०९,८७,४६** | **४०,४७,९७,००** | **२५,०९,५५,००** | **१४,००,५२,००** | **१,३७,९०,००** |
| **१८ कुल खर्च** | **३०,०५,४६,८३** | **३४,०९,८७,४६** | **४०,४७,९७,००** | **२५,०९,५५,००** | **१४,००,५२,००** | **१,३७,९०,००** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आर्थिक वर्ष २०८०/८१

अनुसूची - २
(रु.हजारमा)

| शीर्षक | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **कर** | **१२,७३,०६,१५** | **११,९०,३०,३९** | **१५,३२,१४,००** | **१५,३२,१४,००** | **०** |
| **आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर** | **९७** | **७०** | **१०,००** | **१०,००** | **०** |
| **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | **९७** | **७०** | **१०,००** | **१०,००** | **०** |
| कृषि आयमा कर | ९७ | ७० | १०,०० | १०,०० | ० |
| **सम्पत्ति कर** | **१,४८,०५,८९** | **१,१२,००,००** | **२,००,००,००** | **२,००,००,००** | **०** |
| **घरजग्गा रजिष्ट्रेशन दस्तुर** | **१,४८,०५,८९** | **१,१२,००,००** | **२,००,००,००** | **२,००,००,००** | **०** |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | १,४८,०५,८९ | १,१२,००,०० | २,००,००,०० | २,००,००,०० | ० |
| **वस्तु तथा सेवामा आधारित कर** | **११,२४,९९,२९** | **१०,७८,२९,६९** | **१३,३२,०४,००** | **१३,३२,०४,००** | **०** |
| **मूल्य अभिवृद्धि कर (मू.अ .क.)** | **७,३२,३४,४५** | **६,५०,००,००** | **८,५१,७४,००** | **८,५१,७४,००** | **०** |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ७,३२,३४,४५ | ६,५०,००,०० | ८,५१,७४,०० | ८,५१,७४,०० | ० |
| **अन्तः शुल्क** | **२,३८,२०,९१** | **२,३२,००,००** | **२,८०,००,००** | **२,८०,००,००** | **०** |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २,३८,२०,९१ | २,३२,००,०० | २,८०,००,०० | २,८०,००,०० | ० |
| **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **१,५४,१७,४९** | **१,९६,०४,६२** | **२,००,००,००** | **२,००,००,००** | **०** |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,५४,१७,४९ | १,९६,०४,६२ | २,००,००,०० | २,००,००,०० | ० |
| **मनोरञ्जन तथा विज्ञापन कर** | **२६,४४** | **२५,०७** | **३०,००** | **३०,००** | **०** |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ८,७६ | २,५४ | ५,०० | ५,०० | ० |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १७,६८ | २२,५३ | २५,०० | २५,०० | ० |
| **अनुदान** | **१५,१२,४६,३५** | **१७,४०,८७,००** | **१५,३८,४२,००** | **१५,३८,४२,००** | **०** |
| **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **१५,१२,४६,३५** | **१७,४०,८७,००** | **१५,३८,४२,००** | **१५,३८,४२,००** | **०** |
| **अन्तरसरकारी अनुदान** | **१५,१२,४६,३५** | **१७,४०,८७,००** | **१५,३८,४२,००** | **१५,३८,४२,००** | **०** |
| समानिकरण अनुदान | ८,०२,५७,०० | ७,४७,४०,०० | ८,१४,८३,०० | ८,१४,८३,०० | ० |
| शसर्त अनुदान चालु | २,२२,२३,५२ | २,६९,३८,०० | २,४३,३८,०० | २,४३,३८,०० | ० |
| शसर्त अनुदान पुँजीगत | ४,१६,२६,९७ | ६,०१,८४,०० | ३,४०,२१,०० | ३,४०,२१,०० | ० |
| विषेश अनुदान चालु | ९,४२,२४ | ६,००,०० | ७,००,०० | ७,००,०० | ० |
| विषेश अनुदान | २३,६८,७३ | ४२,३५,०० | ४९,००,०० | ४९,००,०० | ० |
| समपुरक अनुदान पुँजीगत | ३८,२७,८९ | ७३,९०,०० | ८४,००,०० | ८४,००,०० | ० |
| **अन्य राजस्व** | **१,८३,०१,८८** | **१,७०,११,५५** | **४,६८,४१,००** | **४,६८,४१,००** | **०** |
| **सम्पत्तिबाट प्राप्त आय** | **८०,७३,३०** | **४४,६१,८६** | **७९,३०,००** | **७९,३०,००** | **०** |
| **भाडा र रोयल्टी** | **८०,७३,३०** | **४४,६१,८६** | **७९,३०,००** | **७९,३०,००** | **०** |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३३,४७ | २७,७० | ३०,०० | ३०,०० | ० |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | ११,००,६७ | ७,६२,५२ | ७,४९,२० | ७,४९,२० | ० |
| बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | २८,१९,८३ | १३,३९,५७ | १४,००,०० | १४,००,०० | ० |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | १६,२३,३८ | ८,३१,२९ | ७,५०,०० | ७,५०,०० | ० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | २४,९५,१७ | १५,००,०० | ५०,००,०० | ५०,००,०० | ० |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | ७८ | ७८ | ८० | ८० | ० |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **९९,००,३१** | **१,२३,६५,६२** | **३,६१,७४,५०** | **३,६१,७४,५०** | **०** |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **१,६५,९५** | **१,४९,०५** | **२,१७,४०** | **२,१७,४०** | **०** |
| कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | १,४४,७४ | १,४०,०० | २,००,०० | २,००,०० | ० |
| सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | ९,४४ | ७,९० | १०,०० | १०,०० | ० |
| अन्य विक्रीबाट प्राप्त रकम | ८ | ० | १० | १० | ० |
| नहर तथा कुलो उपयोग वापतको शुल्क | ३५ | १५ | ३० | ३० | ० |
| अन्य सेवा शुल्क तथा बिक्री | ११,३४ | १,०० | ७,०० | ७,०० | ० |
| **प्रशासनिक सेवा शुल्क** | **१५,३०,१९** | **२७,५१,५७** | **५४,५३,००** | **५४,५३,००** | **०** |
| शिक्षा क्षेत्रको आम्दानी | ७,९० | १,५७ | ३,०० | ३,०० | ० |
| परीक्षा शुल्क | २,८७,१६ | १४,००,०० | २५,००,०० | २५,००,०० | ० |
| यातायात क्षेत्रको आम्दानी | ७,७६,८० | ९,५०,०० | २५,००,०० | २५,००,०० | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | ४,५८,३३ | ४,००,०० | ४,५०,०० | ४,५०,०० | ० |
| **अन्य प्रशासनिक दस्तुरहरु** | **७२,१०,८०** | **८१,२५,००** | **१,२५,०४,१०** | **१,२५,०४,१०** | **०** |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७,४१,४७ | ७,२५,०० | २५,००,०० | २५,००,०० | ० |
| टेलिभिजन सञ्चालन दस्तुर | ० | ० | ४,१० | ४,१० | ० |
| चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ६४,६९,३३ | ७४,००,०० | १,००,००,०० | १,००,००,०० | ० |
| **अन्य प्रशासनिक सेवा शुल्क** | **९,९३,३७** | **१३,४०,००** | **१,८०,००,००** | **१,८०,००,००** | **०** |
| वन क्षेत्रको अन्य आय | ९,९३,३७ | १३,४०,०० | १,८०,००,०० | १,८०,००,०० | ० |
| **दण्ड जरिवाना र जफत** | **३,२३,७६** | **१,७९,५७** | **२,०६,५०** | **२,०६,५०** | **०** |
| **दण्ड,जरिवाना र जफत** | **३,२३,७६** | **१,७९,५७** | **२,०६,५०** | **२,०६,५०** | **०** |
| न्यायिक दण्ड,जरिवाना र जफत | १,८८ | १,४६ | १,५० | १,५० | ० |
| प्रशासनिक दण्ड,जरिवाना र जफत | २,५६,६९ | १,५०,४३ | १,७५,०० | १,७५,०० | ० |

| शीर्षक | २०७८/७९ को यथार्थ | २०७९/८० को संशोधित अनुमान | २०८०/८१ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| धरौटी सदरस्याहा | ६५,१९ | २७,६८ | ३०,०० | ३०,०० | ० |
| **विविध राजस्व** | **४,५१** | **४,५०** | **२५,३०,००** | **२५,३०,००** | **०** |
| **अन्य राजस्व** | **४,५१** | **४,५०** | **२५,३०,००** | **२५,३०,००** | **०** |
| अन्य राजस्व | ४,५१ | ४,५० | २५,३०,०० | २५,३०,०० | ० |
| **विविध प्राप्ति** | **५,६३,४३,३२** | **६,०८,५८,५२** | **३,८४,००,००** | **३,८४,००,००** | **०** |
| **विविध प्राप्ति** | **५,६३,४३,३२** | **६,०८,५८,५२** | **३,८४,००,००** | **३,८४,००,००** | **०** |
| **विविध प्राप्ति** | **१,१९,११,४६** | **८२,०७,६५** | **८४,००,००** | **८४,००,००** | **०** |
| बेरूजू | ५,६६,६५ | २५,००,०० | १९,००,०० | १९,००,०० | ० |
| निकासा फिर्ता | २६,४३,४७ | १०,२४,८९ | २५,००,०० | २५,००,०० | ० |
| अनुदान फिर्ता | ८७,०१,३४ | ४६,८२,७६ | ४०,००,०० | ४०,००,०० | ० |
| **नगद तथा मौज्दात** | **४,४४,३१,८६** | **५,२६,५०,८७** | **३,००,००,००** | **३,००,००,००** | **०** |
| गत वर्षको नगद मौज्दात | ४,४४,३१,८६ | ५,२६,५०,८७ | ३,००,००,०० | ३,००,००,०० | ० |
| **दायित्व** | **०** | **०** | **१,२५,००,००** | **१,२५,००,००** | **०** |
| **आन्तरिक दायित्व** | **०** | **०** | **१,२५,००,००** | **१,२५,००,००** | **०** |
| **खूद आन्तरिक ऋण** | **०** | **०** | **१,२५,००,००** | **१,२५,००,००** | **०** |
| अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | ० | ० | १,२५,००,०० | १,२५,००,०० | ० |
| **जम्मा ( राजस्व / प्राप्ति )** | **३५,३१,९७,७०** | **३७,०९,८७,४६** | **४०,४७,९७,००** | **४०,४७,९७,००** | **०** |
| **राजस्व बाँडफाँट** | | | | | |
| **प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व** | **३५,३१,९७,७०** | **३७,०९,८७,४६** | **४०,४७,९७,००** | **४०,४७,९७,००** | **०** |

# कार्यगत व्यय अनुमान
## आर्थिक वर्ष २०८०/८१

अनुसूची - ३
(रु.हजारमा)

| शीर्षक | २०८०/८१ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| **सामान्य सार्वजनिक सेवा** | **७,६५,६७,३१** | **४,०६,७०,३१** | **३,५८,९७,००** | **१८.९१** |
| कार्यकारी र विधायिकाको निकाय,आर्थिक तथा वित्तिय र वैदेशिक मामिला | १,७५,३३,०० | १,७५,३३,०० | ० | |
| सामान्य सेवा | २,१९,६७,३१ | २,१९,६७,३१ | ० | |
| सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | ११,४८,०० | ११,४८,०० | ० | |
| सामान्य सेवा - अन्यत्र वर्गीकृत नभएको | २२,०० | २२,०० | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ३,५८,९७,०० | ० | ३,५८,९७,०० | |
| **रक्षा** | **८,००,०९** | **८,००,०९** | **०** | **०.२०** |
| नागरिक सुरक्षा | ८,००,०९ | ८,००,०९ | ० | |
| **सार्वजनिक शान्ति सुरक्षा** | **३३,३६,५०** | **३३,३६,५०** | **०** | **०.८२** |
| सार्वजनिक शान्ति सुरक्षामा अनुसन्धान तथा विकास | ३३,३६,५० | ३३,३६,५० | ० | |
| **आर्थिक मामिला** | **१६,४२,६९,३७** | **१६,४२,६९,३७** | **०** | **४०.५८** |
| सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला | ११,०३,२७ | ११,०३,२७ | ० | |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | ५,६१,५७,७० | ५,६१,५७,७० | ० | |
| इन्धन तथा उर्जा | १७,५०,०० | १७,५०,०० | ० | |
| खानी , उत्पादन तथा निर्माण | ५१,६७,०० | ५१,६७,०० | ० | |
| यातायात | ९,२७,५१,१५ | ९,२७,५१,१५ | ० | |
| संचार | ४,००,०० | ४,००,०० | ० | |
| अन्य उद्योगहरु | २२,९०,५९ | २२,९०,५९ | ० | |
| अनुसन्धान तथा विकास - आर्थिक मामिला | ४२,४९,६० | ४२,४९,६० | ० | |
| आर्थिक मामिला - अन्यत्र वर्गिकृत नभएको | ४,००,०६ | ४,००,०६ | ० | |
| **वातावरण संरक्षण** | **७२,१९,०९** | **७२,१९,०९** | **०** | **१.७८** |
| ढल व्यवस्थापन | ५,२८,०० | ५,२८,०० | ० | |
| जैविक विविधता र भू-संरक्षण | ४१,६६,३१ | ४१,६६,३१ | ० | |
| अनुसन्धान तथा विकास पर्यावरण संरक्षण | १,०४,४३ | १,०४,४३ | ० | |
| वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | २४,२०,३५ | २४,२०,३५ | ० | |
| **आवास तथा सामुदायिक सुविधा** | **६,१६,८९,८६** | **६,१६,८९,८६** | **०** | **१५.२४** |
| आवास विकास | १,११,४२,५५ | १,११,४२,५५ | ० | |
| सामुदायिक विकास | २,०९,५९,३५ | २,०९,५९,३५ | ० | |
| खानेपानी | २,५४,८१,१८ | २,५४,८१,१८ | ० | |
| सडक विद्युतीकरण | ९,२१,३४ | ९,२१,३४ | ० | |
| आवास तथा सामुदायिक सुविधा - अन्यत्र उल्लेख नभएको | ३१,८५,४४ | ३१,८५,४४ | ० | |
| **स्वास्थ्य** | **४,४३,४४,०२** | **४,४३,४४,०२** | **०** | **१०.९५** |
| औषधी उत्पादन,उपकरण तथा औजार | ४,२३,०० | ४,२३,०० | ० | |
| वहिरंङ्ग सेवा | १३,८१,०० | १३,८१,०० | ० | |
| अस्पताल सेवा | १,५९,५७,२४ | १,५९,५७,२४ | ० | |
| सार्वजनिक स्वास्थ्य सेवा | ३१,४३,५२ | ३१,४३,५२ | ० | |
| स्वास्थ्यमा अनुसन्धान सेवा | ३,२७,०० | ३,२७,०० | ० | |
| स्वास्थ्य - अन्यत्र वर्गिकृत नभएको | २,३१,१२,२६ | २,३१,१२,२६ | ० | |
| **मनोरंजन,संस्कृति तथा धर्म** | **१,१०,१२,००** | **१,१०,१२,००** | **०** | **२.७२** |
| मनोरंजनात्मक र खेलकुद सेवाहरु | २९,०१,०० | २९,०१,०० | ० | |
| मनोरंजन, संस्कृती र धर्म- अन्यत्र वर्गिकृत नभएको | ८१,११,०० | ८१,११,०० | ० | |
| **शिक्षा** | **२,३२,०८,७०** | **२,३२,०८,७०** | **०** | **५.७३** |
| सीपमूलक | २०,७१,३७ | २०,७१,३७ | ० | |
| तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ७९,६०,०० | ७९,६०,०० | ० | |
| शिक्षा - अनुसन्धान विकास | ३८,६७,१५ | ३८,६७,१५ | ० | |
| शिक्षा - अन्यत्र वर्गिकृत नभएको | ९३,१०,१८ | ९३,१०,१८ | ० | |
| **सामाजिक सुरक्षा** | **१,२३,५०,०६** | **१,२३,५०,०६** | **०** | **३.०५** |
| बेरोजगार | १४,६३,०० | १४,६३,०० | ० | |
| सामाजिक असमावेशी | ९,३८,२० | ९,३८,२० | ० | |
| सामाजिक सुरक्षा - अन्यत्र वर्गिकृत नभएको | ९९,४८,८६ | ९९,४८,८६ | ० | |
| **कुल जम्मा** | **४०,४७,९७,००** | **३६,८९,००,००** | **३,५८,९७,००** | **१००** |

# मन्त्रालयगत व्यय अनुमान (वित्तीय व्यवस्था सहित)

## आर्थिक वर्ष २०८०/८१

**अनुसूची - ४**
**(रु.हजारमा)**

| निकाय | | कुल जम्मा | प्रदेश | | | स्थानीय तह | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु/पुँजीगत | वित्तीय | | |
| २०२ | प्रदेश सभा | ३३,८८,३८ | ३३,८८,३८ | ३३,८८,३८ | ० | ० | ०.८४ |
| २१० | प्रदेश लोक सेवा आयोग | १०,००,०० | १०,००,०० | १०,००,०० | ० | ० | ०.२५ |
| ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १,५९,७७,७२ | १,५९,७७,७२ | १,५९,७७,७२ | ० | ० | ३.९५ |
| ३०५ | आर्थिक मामिला मन्त्रालय | १३,००,०० | १३,००,०० | १३,००,०० | ० | ० | ०.३२ |
| ३०७ | उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय | १,५२,९७,७३ | १,५२,९७,७३ | १,५२,९७,७३ | ० | ० | ३.७८ |
| ३१२ | कृषि तथा भूमि व्यवस्था मन्त्रालय | १,९५,९२,५० | १,९५,९२,५० | १,९५,९२,५० | ० | ० | ४.८४ |
| ३१४ | आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय | ६७,३८,६५ | ६७,३८,६५ | ६७,३८,६५ | ० | ० | १.६६ |
| ३२९ | वन तथा वातावरण मन्त्रालय | २,०७,२७,१७ | २,०७,२७,१७ | २,०७,२७,१७ | ० | ० | ५.१२ |
| ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १३,७७,८८,५४ | १३,७७,८८,५४ | १३,७७,८८,५४ | ० | ० | ३४.०४ |
| ३४७ | खानेपानी, ग्रामिण तथा सहरी विकास मन्त्रालय | ५,९५,१९,५२ | ५,९५,१९,५२ | ५,९५,१९,५२ | ० | ० | १४.७० |
| ३५० | सामाजिक विकास मन्त्रालय | २,८८,७७,५० | २,८८,७७,५० | २,८८,७७,५० | ० | ० | ७.१३ |
| ३७० | स्वास्थ्य मन्त्रालय | ४,४३,४४,०२ | ४,४३,४४,०२ | ४,४३,४४,०२ | ० | ० | १०.९५ |
| ३९१ | प्रदेश योजना आयोग | ३,९२,२७ | ३,९२,२७ | ३,९२,२७ | ० | ० | ०.१० |
| ६०२ | अर्थ - विविध | १,३९,५६,०० | १,३९,५६,०० | १,३९,५६,०० | ० | ० | ३.४५ |
| ८०१ | स्थानीय तह | ३,५८,९७,०० | ० | ० | ० | ३,५८,९७,०० | ८.८७ |
| | **कुल जम्मा** | **४०,४७,९७,००** | **३६,८९,००,००** | **३६,८९,००,००** | **०** | **३,५८,९७,००** | **१००** |

# खर्च शीर्षकगत व्यय अनुमान

## आर्थिक वर्ष २०८०/८१

अनुसूची - ५
(रु.हजारमा)

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघ अनुदान | |
| **चालु** | | **१२,७४,७९,८९** | **३,५९,१५,१०** | **१६,३३,९४,९९** |
| **२११००** | **पारिश्रमिक / सुविधा** | **२,८३,२९,२५** | **४०,६३,८६** | **३,२३,९३,११** |
| २११११ | पारिश्रमिक कर्मचारी | २,२३,५०,३९ | ३६,१७,९५ | २,५९,६८,३४ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | १०,१८,११ | ० | १०,१८,११ |
| २११२१ | पोशाक | ३,९८,९० | ४१,५० | ४,४०,४० |
| २११२२ | खाद्यान्न | ६,५८,०७ | १,१३,२८ | ७,७१,३५ |
| २११२३ | औषधी उपचार खर्च | ८० | ० | ८० |
| २११३१ | स्थानीय भत्ता | २,४९,१७ | २१,३७ | २,७०,५४ |
| २११३२ | महंगी भत्ता | ८,३३,३६ | १,०६,८० | ९,४०,१६ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | २,४६,३४ | २८,८४ | २,७५,१८ |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २३,३० | २,५० | २५,८० |
| २११३९ | अन्य भत्ता | १६,१७,६७ | ५,२० | १६,२२,८७ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | १,४१,१० | १७,६० | १,५८,७० |
| २११४२ | पदाधिकारी अन्य सुविधा | ७,९२,०४ | ० | ७,९२,०४ |
| २११४९ | पदाधिकारी अन्य भत्ता | ० | १,०८,८२ | १,०८,८२ |
| **२१२००** | **कर्मचारीको सामाजिक सुरक्षा खर्च** | **१,६४,४६** | **५,२९** | **१,६९,७५** |
| २१२१२ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ४,९२ | ० | ४,९२ |
| २१२१३ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | १,५९,५४ | ५,२९ | १,६४,८३ |
| **२२१००** | **सेवा महसुल** | **१२,०१,०४** | **१,१८,८०** | **१३,१९,८४** |
| २२१११ | पानी तथा बिजुली | ८,३०,६५ | ८६,३० | ९,१६,९५ |
| २२११२ | संचार महसुल | ३,७०,३९ | ३१,०० | ४,०१,३९ |
| २२११३ | सार्वजनिक उपयोगिताको सेवा खर्च | ० | १,५० | १,५० |
| **२२२००** | **पूँजीगत सम्पत्तिको संचालन र सम्भार खर्च** | **२८,९७,८२** | **२,७४,३२** | **३१,७२,१४** |
| २२२११ | इन्धन (पदाधिकारी) | १,१३,१२ | ० | १,१३,१२ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ९,७३,९४ | ७१,१६ | १०,४५,१० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ७,०६,२८ | ३६,२६ | ७,४२,५४ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | २,८१,०७ | १३,६० | २,९४,६७ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३,८५,९६ | २४,६० | ४,१०,५६ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ३,३२,१५ | ९४,६० | ४,२६,७५ |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १,०५,३० | ३४,१० | १,३९,४० |
| **२२३००** | **कार्यालय सामान तथा सेवाहरू** | **२०,६३,३७** | **६,४०,४९** | **२७,०३,८६** |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ११,११,६९ | ८७,९६ | ११,९९,६५ |
| २२३१२ | पशुपंक्षीहरूको आहार | ० | ७,२० | ७,२० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २४,२५ | ३,७५,१४ | ३,९९,३९ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १,४५,३४ | ११,८५ | १,५७,१९ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ६,८८,०९ | १,२७,७४ | ८,१५,८३ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | ९४,०० | ३०,६० | १,२४,६० |
| **२२४००** | **सेवा तथा परामर्श खर्च** | **७१,५५,२६** | **१२,६२,०७** | **८४,१७,३३** |
| २२४११ | सेवा र परामर्श खर्च | ६,०७,९८ | ४,५५,५० | १०,६३,४८ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ४८,१६ | १,६५ | ४९,८१ |
| २२४१३ | करार सेवा शुल्क | ६०,०८,३६ | ४,५८,३२ | ६४,६६,६८ |
| २२४१४ | सरसफाई सेवा शुल्क | ४,२० | ० | ४,२० |
| २२४१९ | अन्य सेवा शुल्क | ४,८६,५६ | ३,४६,६० | ८,३३,१६ |
| **२२५००** | **कार्यक्रम सम्वन्धी खर्चहरू** | **२,८१,५६,१८** | **२,३६,८४,८६** | **५,१८,४१,०४** |
| २२५११ | कर्मचारी तालिम खर्च | २,३१,३१ | ४,२३,६५ | ६,५४,९६ |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | २७,४६,५६ | ८,६७,९० | ३६,१४,४६ |
| २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | १,८०,७० | २,०० | १,८२,७० |
| २२५२२ | कार्यक्रम खर्च | २,३७,६७,५६ | २,१३,४७,०६ | ४,५१,१४,६२ |
| २२५२९ | विविध कार्यक्रम खर्च | १२,३०,०५ | १०,४४,२५ | २२,७४,३० |
| **२२६००** | **अनुगमन,मूल्यांकन र भ्रमण खर्च** | **१२,५९,७७** | **२,३७,०१** | **१४,९६,७८** |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ८,१९,५६ | २,१२,३१ | १०,३१,८७ |
| २२६१२ | भ्रमण खर्च | ४,१०,९१ | २४,७० | ४,३५,६१ |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २९,३० | ० | २९,३० |
| **२२७००** | **विविध खर्च** | **११,०४,५२** | **३३,२९** | **११,३७,८१** |
| २२७११ | विविध खर्च | ११,०४,५२ | ३३,२९ | ११,३७,८१ |
| **२५३००** | **अन्य सहायता** | **८०,२३,००** | **२१,९०,००** | **१,०२,१३,००** |

| खर्च संकेत नं. | खर्च शीर्षक | नगद | | कुल जम्मा |
|---|---|---|---|---|
| | | प्रदेश सरकार | संघ अनुदान | |
| २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ८०,२३,०० | २१,९०,०० | १,०२,१३,०० |
| **२६३००** | **अन्य तहका सरकारहरूलाई अनुदान** | **२,७०,६४,००** | **०** | **२,७०,६४,००** |
| २६३३१ | समानिकरण अनुदान | १,००,००,०० | ० | १,००,००,०० |
| २६३३२ | शसर्त अनुदान | २३,२४,०० | ० | २३,२४,०० |
| २६३३३ | विषेश अनुदान | १९,४०,०० | ० | १९,४०,०० |
| २६३३४ | समपुरक अनुदान | १,२८,००,०० | ० | १,२८,००,०० |
| **२६४००** | **सामाजिक सेवा अनुदान** | **६८,४६,८५** | **२९,४३,३०** | **९७,९०,१५** |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | ९,७०,०० | २०,०० | ९,९०,०० |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | १२,९०,०० | ० | १२,९०,०० |
| २६४१३ | अन्य संस्थालाई अनुदान' सःशर्त चालु अनुदान | १८,५२,६० | २७,९६,५५ | ४६,४९,१५ |
